जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३४० • २०८३ साल बैशाख २६ गते शनिबार (9 May, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सुकुम्बासी बस्ती नहटाउन अन्तरिम आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । सुकुम्बासी बस्ती हटाउने बालेन्द्र साह नेतृत्व सरकारको निर्णयविरुद्ध पेश भएको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

सर्वोच्च अदालतमा शुक्रबार न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको संयुक्त इजलासले सुकुम्बासीको बस्ती नहटाउन भन्दै सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ ।

विस्थापित सुकुम्बासी वा अव्यवस्थित बसोवासीहरूको हकमा उनीहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गराउन र थप प्रभावकारी कार्य गराउनु भन्दै निवेदनको टुंगो नलागेसम्मका लागि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिएको छ ।

सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू बसोबास गरेको स्थानबाट विस्थापित गरी अन्यत्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन गर्न अदालतले भनेको छ ।

त्यस्तै विस्थापित सुकुम्बासी एवं अव्यवस्थित बसोवासीहरूको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी कार्य गर्ने गराउनु भनी सर्वोच्च अदालत नियममावली २०७४ को नियम ४९ बमोजिम प्रस्तुत निवेदनको टुंगो नलागेसम्मका लागि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिएको छ ।

### 'सी इज नट पार्ट अफ अस'
# उपसभामुख ठाकुरप्रति अध्यक्ष साम्पाङ असन्तुष्ट

**टुडे समाचारदाता**

जनकपुरधाम । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राईले प्रधानन्यायाधीश सिफारिसको विषयमा आपत्ति जनाउँदै उपसभामुख रुबीकुमारी ठाकुरको गैरजिम्मेवारी भूमिकाप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।


सार्वजनिक रुपमा अध्यक्ष साम्पाङले उपसभामुख ठाकुरको भूमिकाप्रति असन्तुष्टि जनाएपछि उनी विवादमा परेकी छन् ।

बिहीबार साँझ बसेको संवैधानिक परिषद्को बैठकले डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने निर्णय गरेको थियो । निर्णय लगत्तै सामाजिक सञ्जालबाट चर्को विरोध गरेका अध्यक्ष साम्पाङले शुक्रबार प्रतिनिधिसभा सदस्यको लेटरहेड नै प्रयोग गरेर औपचारिक रुपमै आपत्ति जनाएका छन् । त्यस आपत्तिसम्बन्धी विज्ञप्तिमा अध्यक्ष साम्पाङले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेदेखि प्रधानमन्त्री बालेन्द्र साहमाथि समेत गम्भीर आरोप लगाएका छन् ।

उक्त निर्णयमा साम्पाङले मात्रै नभएर उनको पार्टीका अन्य नेताहरूले समेत असन्तुष्टि पोखेका छन् । तर यस मुद्दामा अध्यक्ष साम्पाङ आफैले बनाएकी उपसभामुख रुबीकुमारी ठाकुरको साथ पाएनन् ।

उपसभामुख ठाकुर संवैधानिक परिषद्की सदस्य छिन् । उनको निर्णयले संवैधानिक परिषद् को निर्णयमा परिवर्तन हुन सक्छ । तर साम्पाङ र उनले नेतृत्व गरेको श्रम संस्कृति पार्टीले उपसभामुख ठाकुरबाटै साथ पाएनन् । उनले साथ नदिदा पार्टीको नरहेको" सी इज नट पार्ट अफ अस" भनेपछि उपसभामुख ठाकुरको पद के हुने भन्ने विषयले तत्काल बहसमा नआए पनि उनको पद धरापमा पर्ने तत्काल टरेको छ ।





संवैधानिक परिषद्मा प्रधानमन्त्रीसहित सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रमुख प्रतिपक्षी दलको नेता र प्रधानन्यायाधीश रहने व्यवस्था छ । प्रधानन्यायाधीश पद रिक्त रहेको अवस्थामा कानुनमन्त्री त्यसको सदस्य रहने व्यवस्था रहेको छ । जसअनुसार बिहीबार बसेको बैठकमा सदस्यको रूपमा कानुनमन्त्री सोविता गौतम सहभागी भएकी थिइन् ।

प्रधानन्यायाधीश सिफारिसको निर्णयको रास्वपा निर्वाचित (चयन) प्रधानमन्त्री वालेन्द्र साह, सभामुख डोलप्रसाद अर्याल पक्षमा थिए भने राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बे विपक्षमा उभिएका थिए । त्यसमा श्रम संस्कृति पार्टीबाट उपसभामुख बनेकी ठाकुर भने पक्षमा उभिइन् । उनी उभिएपछि सत्तारुढ दललाई सहज बन्यो ।

तर साम्पाङ भने सो निर्णयको विरोधमा चर्को रुपमा उत्रिएका छन् । साम्पाङले शुक्रबार जारी गरेको विज्ञप्तिमा उपसभामुख ठाकुरको निर्णय खेदपूर्ण भएको उल्लेख गरेका छन् । 'हाम्रै पार्टीबाट जानुभएको उपसभामुखले समेत वरीयताको क्रमलाई उल्लंघन गरेर गरिएको निर्णयमा हस्ताक्षर गर्नु खेदपूर्ण रहेको छ । यसरी विधिलाई मिचेर राजनीतिलाई अघि सार्ने चलनको सदासर्वदा श्रम संस्कृति पार्टी विरोध गर्दछ', अध्यक्ष साम्पाङले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

> **अध्यक्ष साम्पाङले उपसभामुख रुवीकुमारी ठाकुर अब आफ्नो पार्टीको नरहेकोले उनले लिने निर्णयमा पार्टीको कुनै निर्देशन र ह्वीप नरहने प्रस्ट्याए ।**

अध्यक्ष साम्पाङले उपसभामुख रुवीकुमारी ठाकुर अब आफ्नो पार्टीको नरहेकोले उनले लिने निर्णयमा पार्टीको कुनै निर्देशन र ह्वीप नरहने प्रस्ट्याए ।

प्रधानन्यायाधीश सिफारिसमा विधि र परम्परा मिच्ने निर्णयमा उपसभामुख ठाकुरले साथ दिएपछि अध्यक्ष साम्पाङ असन्तुष्ट छन् । उनले उपसभामुख ठाकुरको निर्णयमा आफूले खेद प्रकट गरिसकेको भन्दै दोहोऱ्याए ।

परिषद्ले रोलक्रम मिचेर शर्मालाई प्रधानन्यायाधीशमा नियुक्त गरेपछि विवाद चर्किएको छ । यता नेपाल बार एशोसिएशनले न्याय पालिकालाई कार्यपालिकाको छायामा पार्ने मनसाय राखेर परम्परालाई लत्याएर सर्वोच्च अदालतको प्रधानन्यायाधीश सिफारिस गरेको भन्दै विरोध गरेको छ ।

शुक्रबार एशोसिएशनले विज्ञप्ति जारी गर्दै संवैधानिक परिषदले प्रधानन्यायाधीशमा मनोजकुमार शर्मालाई सिफारिस गरेको भन्दै अनेपक्षित भएको बताएको छ ।

'विश्वव्यापी प्रचलित शक्ति पृथकीकरणको सर्वमान्य सिद्धान्तलाई समेत ख्याल नगरी सरकारले संवैधानिक परिषदमार्फत समग्र न्यायपालिकामा लामो समयसम्म असर पार्ने गरी न्यायपालिकालाई कार्यपालिकाको छाषामा पार्ने मानसायका साथ परम्परालाई लत्याई गरिएको सिफारिस अनपेक्षित छ,' एशोसिएशनले जारी गरेको विज्ञप्तिमा भनेको छ ।

त्यस्तै, सरकारले सबै न्यायकर्मीलाई अध्यादेश र त्यसपछिका कदमले भयभीत बनाउने चाहना देखाएको पनि जनाएको छ ।

प्रशासकीय अदालत, श्रम अदालत, वैदेशिक रोजगार न्यायाधीकरण लगायतमा कार्यरत सदस्यहरूलाई राजीनामा दिन भनिएको दबाबले न्यायपालिकाको हुर्मत लिने काम गरेको समेत बारले जनाएको छ । बारले यस्ता काम रोक्न र मुठभेडतर्फ नधकेल्न आग्रह गरेको छ ।

प्रधानन्यायाधीश नियुक्तिको विषयलाई लिएर सर्वोच्च अदालत करिब दुई घण्टाभन्दा बढी समयपछि कामकारबाही अघि बढेको थियो ।

# लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । गृहमन्त्री फकिरा महतोले खुला सीमावर्ती क्षेत्रका कारण मधेश प्रदेशको आठ वटै जिल्लामा लागूऔषध ओसारपसार जोखिमपूर्ण बढेको बताएका छन् ।

धनुषाको नगराईन नगरपालिकास्थित जटहीमा शुक्रबार मधेश प्रदेश प्रहरी कार्यालयको आयोजना र जिल्ला प्रहरी कार्यालयको सहकार्यमा भएको लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३ कार्यक्रममा गृहमन्त्री महतोले मधेश प्रदेशको आठ वटै जिल्लाको खुला सिमानाका कारण लागूऔषधको प्रयोग गर्नेहरुको संख्या दिनानुदिन बढ्दै गएको प्रति चिन्ता व्यक्त गरे ।

उनले मधेश प्रदेशको आठ वटै जिल्ला लागूऔषध सेवनकर्ताबाट प्रभावित रहेकाले यसबाट कुलत फसेका युवाहरुलाई सचेत गराउँदै जोगाउनका लागि मन्त्रालयको तर्फबाट ७० लाख रुपैयाँ विनियोजन गरेको समेत जानकारी दिए ।



उनले लागूऔषध राष्ट्र र समाजकै दुश्मन रहेकाले यसलाई गम्भीरताका साथ लिइ अभियानकै रुपमा अघि बढाउँदै लागूऔषध ओसारपसार गर्ने, यसको कारोबार गर्ने र सेवन गर्नेहरुमाथि निगरानी गर्नका लागि खोजीसँगैपक्राउ गरी सुधार गर्ने र कारबाही प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

उनले लागूऔषध सेवनकर्ता र ओसारपसार गर्नेहरुलाई खोजीसँगै सुधार्नका लागि प्रहरीलाई निर्देशन समेत दिए ।

त्यस्तै मधेश प्रदेश प्रहरीका डीआइजी गोविन्द थपलियाले लागूऔषधविरुद्धको कामकारबाही प्रहरीले गर्दै आएको बताए । उनले मधेश प्रदेशमा वर्षमा हजारभन्दा बढी आरोपित लागूऔषध, कुलतमा फसेका दुर्व्यवसनीहरु पक्राउ पर्ने गरेको जानकारी दिए । उनले वर्षेनि सयौं किलोग्राम लागूऔषध गाँजा, चरेशलगायतका सामग्रीहरु बरामद हुने गरेको तथ्यांक रहेको बताउँदै उनले यसको दीर्घकालीन समस्या समाधानका लागि गम्भीर भइ कारबाही प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

डीआइजी थपलियाले समाजलाई दीर्घकालीन रुपमा सुधार्नका लागि लागूऔषध दुर्व्यवसनीबाट रोक्नका लागि लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महा अभियान आरम्भ गरिएको बताए । उनले स्थानीय तहसमेतले सहयोग गरेमा प्रहरीले मधेश प्रदेशको आठ वटै जिल्लाको सीमानाकामा प्रहरी खटाएर खोजी खोजी लागूऔषध सेवनकर्तालाई पक्राउ गरी सुधार गर्ने महाअभियान संचालन गरिएको बताए ।

यसैक्रममा तीन जना युवालाई प्रहरीले पक्राउ गरी उनीहरुको पेशाब चेकजाँच गर्दा दुई जना युवाले लागूऔषध सेवन गरेको पाइएको थियो । स्वास्थ्यकर्मीले ती तीन जना युवाको पेशाबलाई किटको माध्यमबाट चेकजाँच गरेका थिए । जसमध्ये दुई जनाको पेशाब जाँच गर्दा पोजेटिभ देखिएको थियो भने एकजनाको निगेटिभ रिजल्ट आएको थियो ।

सो कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बम, जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डलगायतकाले धारणा राखेका थिए ।

# कम्पनी खोल्न र सेयर लगानी गर्न बाटो खुल्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहलाई कम्पनी खोल्न र सेयर लगानी गर्न बाटो खुलेको छ । कम्पनी रजिष्ट्रारको कार्यालयले स्थानीय तहहरूलाई आफैं कम्पनी दर्ता गर्न र विभिन्न कम्पनीको सेयर खरिद गर्न पाउने व्यवस्था गरेको छ । विभिन्न स्थानीय तहहरूबाट सौर्य ऊर्जा लगायतका क्षेत्रमा कम्पनी स्थापना र लगानीका लागि माग भइ आएपछि कार्यालयले यस्तो निर्णय गरेको छ ।

कम्पनी रजिष्ट्रारको कार्यालयले जारी गरेको सूचना अनुसार अब स्थानीय तहहरूले प्रचलित कानुनको परिधिभित्र रही व्यावसायिक क्षेत्रमा लगानी गर्न र कम्पनीको स्वामित्व लिन सक्नेछन् । यसअघि स्थानीय तहहरूले कम्पनीमा लगानी गर्ने वा व्यावसायिक कम्पनी दर्ता गर्ने विषयमा स्पष्ट कानुनी प्रावधानको अभाव महसुस भइरहेको थियो ।



कम्पनी दर्ता र लगानीका लागि दुईवटा मुख्य सर्तहरू राखिएका छन् । पहिलो, कम्पनी दर्ता वा सेयर खरिद गर्नुअघि सम्बन्धित स्थानीय तहले यस सम्बन्धमा आफ्नै कानुन (ऐन वा नियमावली) बनाएर कार्यपालिका वा सभाबाट औपचारिक निर्णय गर्नुपर्नेछ । दोस्रो, सम्पूर्ण प्रक्रिया 'कम्पनी ऐन, २०६३' र अन्य प्रचलित संघीय कानुनहरू बमोजिम हुनुपर्नेछ ।

विशेषरुपमा सौर्य ऊर्जा जस्ता उत्पादनमूलक क्षेत्रमा स्थानीय तहको संलग्नता बढाउन यो निर्णय कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । उक्त व्यवस्थाले स्थानीय तहहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न र सार्वजनिक-निजी साझेदारी मोडलमा काम गर्न थप सहज बनाउने छ ।




# विद्यार्थी भर्नाको नाममा शुल्क नलिन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । सामुदायिक विद्यालयहरूलाई विद्यार्थी भर्ना तथा अध्ययन-अध्यापनका नाममा कुनै पनि प्रकारको शुल्क नलिन जनकपुरधाम उपमहानगरपालिकाले निर्देशन दिएको छ ।



उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले एक सूचना जारी गरी शैक्षिक सत्र २०८३ सुरु भएसँगै विद्यार्थी भर्ना प्रक्रिया अघि बढिरहेको अवस्थामा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५ र नियमावली-२०७७ अनुसार निःशुल्क शिक्षाको व्यवस्था कार्यान्वयन गर्न भनेको छ ।

शाखा प्रमुख अन्जु पाण्डेयद्वारा हस्ताक्षरित पत्रमा विद्यालयहरूले विद्यार्थीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै शुल्क असुल्न नपाइने उल्लेख गरिएको छ । अभिभावक वा अन्य व्यक्तिले स्वेच्छाले विद्यालयलाई आर्थिक सहयोग गर्न चाहेमा विद्यालयको बैंक खातामार्फत मात्रै सहयोग लिनुपर्ने व्यवस्था गरिएको छ ।

उपमहानगरपालिकाले प्राप्त सहयोगको स्पष्ट अभिलेख राख्न, सहयोगदाताको विवरण नियमित सार्वजनिक गर्न तथा सम्बन्धित वडा कार्यालय र उपमहानगरपालिकालाई जानकारी गराउन पनि विद्यालय प्रशासनलाई निर्देशन दिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक विद्यालयमा निःशुल्क शिक्षाको अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले यस्तो निर्देशन जारी गरेको जनाएको छ ।

# गैरकानूनी रुपमा बालगृह सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । चितवनको माडी नगरपालिका-६ स्याउलीबासमा सञ्चालित 'सेन्टल अफ पिसफुल होम' नामक संस्थाले गैरकानूनी रुपमा बालगृह सञ्चालन गर्दै आएको आरोप लगाइएको छ ।


आवश्यक कानुनी प्रक्रिया पूरा नगरी, राज्यका निकायबाट अनुमति नै नलिई सञ्चालित यस संस्थाले बालबालिकालाई 'देखाएर' विभिन्न निकायबाट रकम असुल्दै आएको समेत गम्भीर आरोप लागेको छ ।

बालबालिका जस्तो संवेदनशील विषयमा संस्थाले मनपरी गरिरहँदा समेत स्थानीय प्रशासन र माडी नगरपालिकाको ध्यान जान नसकेको भन्दै स्थानीयले आक्रोश पोखेका छन् ।

स्याउलीबासस्थित उक्त संस्थाले कुनै पनि कानुनी आधार बिना बालिकाहरूलाई आवाससहित राखेको खुलेको छ । संस्थामा कार्यरत कर्मचारी पावर पाण्डेका अनुसार २०८२ माघदेखि नै जाजरकोट, नगरकोट र चितवनका बालिकाहरूलाई यहाँ राखिएको छ ।

संस्थाका सञ्चालक तिम्मोती दंगालले संस्था दर्ता प्रक्रियामा रहेको दाबी गरे पनि हालसम्म कुनै आधिकारिक प्रमाण पेश गर्न सकेका छैनन् । कानुनतः दर्ता नभएको संस्थाले बालबालिकालाई संरक्षणमा राख्न पाउँदैन । तर, यहाँ १० जना बालिकाहरूलाई अत्यन्तै असुरक्षित र अस्वच्छ वातावरणमा राखिएको छ ।

पाँच जना बालिकाहरू मुख्य भवनमा बस्छन् भने बाँकी पाँच जनालाई




नजिकैको साँघुरो भाडाको कोठामा राखिएको छ । टिनको छानामुनि दुईवटा खाटमा पाँच जना कोचिएर बस्न बाध्य छन् । अझ गम्भीर कुरा त, बालिकाहरू राखिएको ठाउँमा महिला कर्मचारीको उपस्थिति छैन र भवन वरिपरि कुनै सुरक्षा पर्खाल वा निगरानीको व्यवस्था समेत छैन । जंगल र झाडीले घेरिएको यो क्षेत्र सुरक्षाका दृष्टिले अत्यन्तै जोखिमपूर्ण देखिएको छ ।

स्थानीय स्रोतका अनुसार उक्त संस्थाले बालबालिकाको दयनीय अवस्था देखाएर विभिन्न दाता र निकायहरूबाट आर्थिक सहयोग संकलन गर्दै आएको छ । कानुनी रूपमा अवैध रहेको संस्थाले कुन आधारमा रकम असुलिरहेको छ र त्यो रकम कहाँ खर्च भइरहेको छ भन्ने विषयमा कुनै पारदर्शिता छैन । बालबालिकालाई संरक्षण दिने बहानामा 'व्यापारिक' प्रयोजनका लागि प्रयोग गरिएको आशंका गरिएको छ ।

नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन २०७५ र राष्ट्रिय बाल अधिकार परिषद् को मापदण्डअनुसार बालगृह सञ्चालन गर्न स्थानीय तहको सिफारिस, आधिकारिक दर्ता, बाल संरक्षण नीति, कर्मचारी आचारसंहिता र सुरक्षा मापदण्ड अनिवार्य हुन्छ । यी मापदण्ड पूरा नगर्नु फौजदारी अपराध सरह मानिन्छ ।

विषय गम्भीर बनेपछि चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मापदण्ड विपरित सञ्चालन हुने संस्थालाई कारबाही गर्ने चेतावनी दिएका छन् । उनले भने, "बालबालिकाको विषयमा कुनै पनि बहानामा उम्किन पाइँदैन । कानुन विपरीत सञ्चालन भएको पाइएमा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाएर कारबाही गर्छौं ।"

# बालविवाह रोकियो

**टुडे समाचारदाता**

मलंगवा । प्रहरीले सर्लाहीको बरहथवामा १६ वर्षकी एक बालिकाको विवाह रोकेको छ । बरहथवा नगरपालिका-६, मुसहर बस्तीमा बालविवाह हुन लागेको अवस्थामा प्रहरीले त्यहाँ पुगेर विवाह रोकेको हो ।

१६ वर्षकी बालिकाको आउने आइतबार सर्लाहीकै चन्द्रनगर गाउँपालिका-४, पोखरियामा विवाहको कार्यक्रम तय भएको थियो । स्थानीयबाट बालविवाह हुन लागेको सूचना पाएपछि अभिभावकलाई सम्झाइबुझाइ गरी विवाह रोकिएको इलाका प्रहरी कार्यालय बरहथवाका महिला तथा बालबालिका, ज्येष्ठ नागरिक सेवा केन्द्रका इन्चार्ज एवं प्रहरी निरीक्षक सुष्मा कठायतले जानकारी दिएका छन् ।

उनका अनुसार प्रहरीसहित वडाध्यक्ष, कर्मचारीलगायत गएर बालविवाह नगर्न-नगराउन सचेत गराइएको छ । २० वर्ष पुगेपछि मात्र विवाह गर्न पाउने कानुनी प्रावधान रहेको छ । कानुन अनुसार २० वर्ष पुगेपछि मात्र विवाह गर्न सचेतना जगाउँदै अहिले विद्यालयमा पुगेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको प्रहरी निरीक्षक कठायतले बताए ।

# यातायातमा लाइसेंस वितरण शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । करिब २४ हजार स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स)




यातायात व्यवस्था कार्यालय जनकपुरधाममा प्राप्त भएको जनाइएको छ ।

कार्यालयले शुक्रबार सूचना जारी गर्दै नयाँ, थप श्रेणी तथा नवीकरण गरिएका लाइसेन्स छपाइ भएर आइसकेकाले सम्बन्धित सेवाग्राहीलाई कार्यालयको आधिकारिक फेसबुक पेजमा आफ्नो नाम सुनिश्चित गरेपछि मात्रै लाइसेन्स लिन आउन आग्रह गरेको हो ।

कार्यालयका अनुसार लाइसेन्स वितरण कार्य बिहान ९:३० बजेदेखि बेलुका ३ बजेसम्म मात्र सञ्चालन हुनेछ । भीड व्यवस्थापन तथा सेवाग्राहीको सहजताका लागि फेसबुकमार्फत नाम प्रकाशित गरिने व्यवस्था गरिएको कार्यालयले जनाएको छ ।

लाइसेन्स लिन आउँदा सम्बन्धित व्यक्तिले पुरानो सक्कल लाइसेन्स वा सक्कल रसिद अनिवार्य रूपमा साथमा ल्याउनुपर्ने सूचनामा उल्लेख छ । पुरानो लाइसेन्स वा रसिद हराएको अवस्थामा भने ट्राफिक कार्यालयको सिफारिस पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कार्यालयले आवश्यक कागजात बिना सेवा उपलब्ध गराउन नसकिने भन्दै सेवाग्राहीलाई निर्धारित प्रक्रिया पालना गर्न अनुरोध गरेको छ ।

# यादव विरुद्ध सर्वोच्चमा पुनरावेदन

**टुडे समाचारदाता**

वीरगञ्ज । विशेष अदालतले गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जका तत्कालीन वरिष्ठ निरिक्षक शशिभूषण कुमार यादवसमेतका प्रतिवादीका हकमा गरेको फैसला विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा आयोगले यादव विरुद्ध चार करोड ४७ लाख ३४ हजार २१२ रुपैयाँ मूल्य बराबरको बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको थियो । सो मुद्दामा विशेष अदालतले २०८१ असार २३ गतेको फैसलामा आशिंक सफाई दिएको थियो । गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति विभिन्न आफन्तहरूका नाममा राखेको पाइएको छ ।

विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेको भन्दै आयोगले आज सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार, थप कारवाहीको माग गर्दै पुनरावेदन गरिएको जानकारी दिए । रासस

# खाद्य गुणस्तर सुधार्न र पारदर्शिता बढाउन कृषि मन्त्रीको निर्देशन

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गीता चौधरीले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको भूमिकालाई अत्यन्त महत्त्वपूर्ण भन्दै विभागलाई सेवा प्रवाहमा सुधार, पारदर्शीता र प्रभावकारिता बढाउन निर्देशन दिनुभएको छ ।

मन्त्री चौधरीले आज विभागको अनुगमनका क्रममा देशका प्रत्येक नागरिकले उपभोग गर्ने खाद्य तथा दाना पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चित गर्दै मानव स्वास्थ्य संरक्षणमा विभागको भूमिका निर्णायक रहेको बताउनुभयो । साथै खाद्य प्रविधिको विकासमार्फत मूल्य अभिवृद्धि, पोषण सुधार तथा निर्यात प्रवर्द्धनमा पनि विभागको अहम् योगदान रहेको उहाँले उल्लेख गनुभयो ।



मन्त्री चौधरीले खाद्यवस्तुकोविविधिकरण, खाद्य योगशील तथा प्रशोधन सहयोगीको प्रयोग,सीमितमापदण्ड, प्रयोगशाला सेवाको दायरा र स्रोत साधनको कमीका कारण नियमन कार्य चुनौतीपूर्ण बन्दै गएको बताउनुभयो । तर नियमित बजार अनुगमन, गुणस्तर परीक्षण, मोबाइल भ्यान सञ्चालन, खाद्य प्रविधि विकास तथा नियम उल्लङ्घन गर्नेविरुद्ध कारबाहीजस्ता कार्य प्रशंसनीय रहेको मन्त्री चौधरीले बताउनुभयो ।

'गुनासोरहित, छरितो र प्रभावकारी सेवा प्रवाह' गर्न निर्देशन दिँदै मन्त्री चौधरीले कुनै पनि अवस्थामा सेवाग्राहीसँग घुस माग्ने, ढिलासुस्ती गर्ने वा नाकामा बार्गेनिङ गर्ने गतिविधि दोहोरिन नदिन निर्देशन दिनुभयो । उहाँले विभागलाई नियमित बजार तथा उत्पादनस्थल अनुगमन, होटलदेखि सडक किनार ासम्मका सबै खाद्य व्यवसायको निगरानी, खाद्य अनुमति तथा आयात प्रक्रियालाई छरितो बनाउने कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिनुभयो । यसका साथै, प्रयोगशाला सेवाको दायरा विस्तार र एक्रेडिटेसन बनाउन, विषादी, हेभी मेटल, माइकोटक्सिन तथा पानीको गुणस्तर परीक्षण विस्तार गर्न उहाँले सुझाव दिनुभयो ।

त्यस्तै, भेटेरिनरी ड्रग रेसिड्यु र एन्टिअक्सिडेन्ट परीक्षण सुरु गर्ने, आहारपूरक खाद्य पदार्थको नियमन, घरदैलोमै पुगेर उद्योगीलाई परामर्श सेवा, ट्रान्स फ्याट नियन्त्रण र लेबलिङ, प्याकेजिङ र म्यादसम्बन्धी अध्ययन तथा निगरानी गर्न पनि मन्त्री चौधरीको निर्देशन थियो । रासस

# रासायनिक मललाई प्रतिस्थापन गर्दै गँड्यौला मल

सिरहा । धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतोलाई अचेल रासायनिक मलको खोजीमा सहकारी र बजारतिर भौतारिनु पर्दैन । विगत छ महिनादेखि उहाँले आफ्नो खेतमा रासायनिक मलको सट्टा 'गँड्यौला मल' प्रयोग गर्न थाल्नुभएको हो ।

अनिताले अहिले करिब पाँच कट्ठा जमिनमा विभिन्न प्रकारका तरकारीखेती गरिरहनुभएको छ । गँड्यौला मलको प्रयोगबाट उत्पादन निकै सन्तोषजनक भएको उहाँको अनुभव छ । "जबदेखि गँड्यौला मल सुरु गरेँ, रासायनिक मलको खोजीमा दौडिनुपरेको छैन", उहाँले खुसी हुँदै भन्नुभयो, "यसले चिस्यान बढाउनुका साथै अर्ग्यानिक तरकारी उत्पादनमा पनि ठूलो सहयोग पुर्‍याएको छ । माटोको उर्वराशक्ति पनि बढाउँदोरहेछ ।"



अनितामात्र होइन, सोही टोलकी सुगन्धादेवी सिंहले पनि गँड्यौला मलकै प्रयोगबाट खेतीपाती गरिरहनुभएको छ । यो टोलका ११ घरपरिवारले 'महारानी महिला कृषक समूह' गठन गरी व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेका छन् । कुल २६ जना सदस्य रहेको यस समूहका अन्य १२ घरपरिवारले गोठ सुधार गरी कम्पोष्ट मल उत्पादन गरिरहेका छन् । समूहकी कोषाध्यक्ष उर्मिला महतोका अनुसार विस्तारै वडाभरिका किसान गँड्यौला र कम्पोष्ट मलतर्फ आकर्षित हुँदै गएका छन् ।

उर्मिलाका अनुसार गाईभैंसीको मलमूत्र र सड्ने झारपातलाई सङ्कलन गरी त्यसमा गँड्यौला छाडिन्छ । गँड्यौलाले ती वस्तुलाई आहाराका रूपमा खान्छन् र उनीहरूको दिसा नै मलका रूपमा प्रयोग गरिन्छ । यो मलले माटोलाई चिस्यानयुक्त बनाइराख्न मद्दत गर्छ, जुन जलवायुमैत्री कृषिका लागि उपयुक्त मानिन्छ ।

किसानलाई आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत सक्रिय भूमिका खेलिरहेको छ । 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले कृषक पाठशाला सञ्चालन गर्नेदेखि आवश्यक कृषि सामग्री उपलब्ध गराउनेसम्मका कार्य गर्दै आएको छ ।

परियोजनाका फिल्ड सुपरीवेक्षक रविन साहका अनुसार धनगढीमाई नगरपालिकाको वडा नं १४ बाहेकका अन्य सबै वडामा महिला कृषक समूह गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । यसअन्तर्गत गोठ सुधार, गँड्यौला मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ जडान, झोल मल, जैविक मल, आधुनिक चुलो प्रवर्द्धन र जलवायुमैत्री बीउबिजन वितरणजस्ता कार्यहरू प्रभावकारी रूपमा अघि बढाइएको साहले जानकारी दिनुभयो ।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ । उहाँका अनुसार ७० प्रतिशत संस्थाको र ३० प्रतिशत किसानको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले किसानमा अपनत्वको बोध गराएको छ ।

थापाले भन्नुभयो, "मधेस प्रदेशमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्दै लैङ्गिक उत्तरदायी र जलवायु उत्थानशील कृषक समुदायको विकास गर्नु हाम्रो मुख्य उद्देश्य हो । यस अभियानले विशेषगरी कृषिमा महिलाको कार्यबोझ कम गर्दै उनीहरूको क्षमता अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुर्‍याउने लक्ष्य राखेको छ । साथै, माटोमा कार्बन सञ्चिति बढाएर उत्पादकत्व सुधार गर्ने र जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न सक्नेगरी किसानलाई सक्षम बनाउन हामी केन्द्रित छौं ।"

जलवायुमैत्री कृषिको महत्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ । सरकारको 'शासकीय सुधारका १०० कार्यसूची'मा समेत माटोमा कार्बन बढाउने विषय समेटिएको छ । विज्ञहरूका अनुसार माटोमा कार्बन बढ्दा पोषकतत्वको चुहावट कम हुने र बिरुवाको जराको फैलावट राम्रो हुने गर्छ । थोरै समयमा नाफा खोज्नेहरूका लागि यो पद्धति ढिलो लागे पनि माटोको दीर्घकालीन स्वास्थ्य र विषादीरहित उत्पादनका लागि गँड्यौला मल अहिलेको उत्तम विकल्प सावित भएको छ । रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८३/०१/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : बन्धना यादव**
**सिम्बोल नं.:** २१७०५२७३
**रजिष्ट्रेशन नं.:** ८१२१७०२४००५२
**ठेगाना:जि.ध. कमला न.पा.-८**
**मो.नं.** ९७१४०९७१७७

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सम्पत्तिआर्जनगर्नेतथाआर्थिकआधार सुदृढ बनाउने अवसर प्राप्त हुन सक्छ । |
| वृष : | बोलचालमा संयम र विवेक अपनाउनु आवश्यक देखिन्छ । |
| मिथुन : | आर्थिकपक्षसबलरहनेसंकेतदेखिन्छ। |
| कर्कट : | प्रेम तथा दाम्पत्य सम्बन्धमा आत्मीयता वृद्धि हुनेछ । |
| सिंह : | महत्वपूर्ण योजनाहरुमा केही अवरोध देखा पर्न सक्छन् । |
| कन्या : | सामाजिक तथा पेशागत क्षेत्रमा प्रतिष्ठा वृद्धि हुन सक्छ । |
| तुला : | विवेकपूर्ण अभिव्यक्तिले अनावश्यक विवादबाट जोगिन सहयोग पुऱ्याउनेछ । |
| वृश्चिक : | स्वास्थ्यप्रति विशेष सचेत रहनुपर्ने समय देखिन्छ । |
| धनु : | परिश्रमको प्रतिफल अरुले उपयोग गर्ने परिस्थिति देखा पर्न सक्छ । |
| मकर : | झुटा आरोप वा अनावश्यक आलोचनाको सामना गर्नुपर्ने परिस्थिति आउन सक्छ । |
| कुम्भ: | बौद्धिक तथा सृजनात्मक क्षेत्रमा उल्लेखनीय प्रगति हुने संकेत छन् । |
| मीन: | योजनाबद्ध ढंगले अघि बढेमा राम्रो हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘सुकुम्वासी शिविरमा रहेकाहरूको उपचारको जिम्मा प्रदेश सरकारले लिन्छ’



भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भक्तपुरका विभिन्न सुकुम्वासी शिविरमा राखिएकाहरूको उपचारको जिम्मा बागमती प्रदेश सरकारले लिने बताउनुभएको छ। भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा राखिएको सुकुम्वासी सेल्टरमा आज अनुगमन गरेपछि उहाँले जनताको स्वास्थ्यप्रति

> मुख्यमन्त्री बानियाँसहित स्वास्थ्यमन्त्री किरण थापामगर, पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठ, सामाजिक विकासमन्त्री कञ्चन बादे श्रेष्ठ, स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमसहितको टोलीले सुकुम्वासी सेल्टरको अनुगमन गरेको छ ।

सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

मुख्यमन्त्री बानियाँसहित स्वास्थ्यमन्त्री किरण थापामगर, पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठ, सामाजिक विकासमन्त्री कञ्चन बादे श्रेष्ठ, स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमसहितको टोलीले सुकुम्वासी सेल्टरको अनुगमन गरेको छ।

सुकुम्वासीसँग कुरा गर्दै मुख्यमन्त्री बानियाँले भन्नुभयो, “केन्द्रीय सरकारले छिट्टै तपाईंहरूको स्थायी बसोबासको व्यवस्था गर्नेछ, तपाईंहरू नआत्तिनुहोस्, तपाईंहरूको निःशुल्क स्वास्थ्योपचारको जिम्मा प्रदेश सरकारले लिन्छ, त्यसका लागि आवश्यक बजेट हामी व्यवस्थापन गर्छौं।”

प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले असारसम्मका लागि आवश्यक पर्ने औषधिहरूको लिष्ट तार पारेर माग गर्न जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर र भक्तपुर अस्पताललाई निर्देशन दिँदै सबैलाई निःशुल्क उपचारको व्यवस्था गर्न निर्देशन दिनुभयो।

उहाँले भन्नुभयो, “कसैले पनि उपचार नपाएको गुनासो सुन्न नपर्नेगरी सबै बिरामी र दीर्घरोगीको उपचार गराउनुस्, भक्तपुर अस्पतालमा आवश्यक परे भर्ना गरेर उपचार गर्नुस्, उपचारको जिम्मा हाम्रो पनि हो, बजेटको व्यवस्थापन हामी गर्छौं।”

अनुगमनमा पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठले यहाँ रहेका २९ जना बालबालिकालाई नजिकैको श्रीकृष्ण माध्यमिक विद्यालयमा तत्काल पठनपाठनको व्यवस्था गर्ने बताउनुभयो। उहाँले चाँगुनारायण नगरपालिकासँग समन्वय गरेर खरिपाटीमा रहेसम्म यहाँका बालबालिकालाई पठनपाठनको व्यवस्था मिलाउने बताउनुभयो।

स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरकी प्रमुख अञ्जना खड्कालाई दैनिक रूपमा सेल्टरमा चिकित्सकसहितको स्वास्थ्य टोली राखेर स्वास्थ्य परीक्षणलाई निरन्तरता दिन निर्देशन दिनुभयो।

कार्यालयकी प्रमुख खड्काले मुख्यमन्त्रीसहितको टोलीलाई सेल्टरमा रहेका सुकुम्वासीको विभिन्न रोगको अवस्था, स्वास्थ्य शिविर सञ्चालन गरेको, निःशुल्क औषधि वितरण गरेको, दैनिक सेवा प्रवाह गरेको जानकारी गराउनुभयो । उहाँले सेल्टरमा आँखा नदेख्ने, प्यारालाइसिस, स्ट्रोक, दीर्घरोगीलगायतका धेरै बिरामी रहेको र बीमामा नपर्ने महँगा औषधि खानुपर्ने बिरामीसमेत रहेका जानकारी गराउनुभयो।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले सेल्टरमा सरकारले गरेको व्यवस्था, खानेपानको व्यवस्थालगायतका बारेमा जानकारी गराउनुभएको थियो । सरकारले खरिपाटीमा १५८, मध्यपुरथिमि बोडेको कृषि विकास बैंकको तालिम कन्द्रमा ३९ र नगरकोटको खानेपानी तालिम केन्द्रमा ४६ जनालाई सेल्टरका रूपमा राखेर खाने र बस्ने व्यवस्था गरेको छ। रासस

# ३३औं प्रधानन्यायाधीशको नेतृत्व गर्दै डा शर्मा



काठमाण्डु । संवैधानिक परिषद्ले भावी प्रधानन्यायाधीशका रूपमा सर्वोच्च अदालतका न्यायाधीश डा मनोजकुमार शर्माको नाम सिफारिस गरेपछि ३३औं प्रधानन्यायाधीशका रूपमा न्यायालयको नेतृत्व गर्नुहुनेछ।

प्रधानमन्त्री तथा परिषद्का अध्यक्ष वालेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले बिहीबार भावी प्रधानन्यायाधीशका लागि सिफारिस गरेपछि अब न्यायालयको नेतृत्वको गर्ने जिम्मेवारी डा शर्मामा आएको हो।

विसं २०२७ असार ४ गते पर्साको वीरगन्जमा जन्मनुभएका डा शर्मा २०७६ वैशाख ६ सर्वोच्च अदालतको न्यायाधीश हुनुभएको थियो। उहाँले नेपाल ल क्याम्पसबाट बीएल र भारतको पुणे विश्वविद्यालयबाट एलएलएम गर्नुभएको छ। प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका डा शर्माले त्रिभुवन विश्वविद्यालयबाट श्रम कानुनमा विद्यावारिधि गर्नुभएको छ।

न्यायको क्षेत्रमा कानुन व्यवसायीबाट प्रवेश गर्नुभएका डा शर्माले २०७० साल जेठ २७ देखि २०७२ मङ्सिर २६ सम्म उच्च अदालतको अतिरिक्त न्यायाधीश भएर काम गर्नुभएको थियो।


परिषद्ले आज भावी प्रधानन्यायाधीशमा नाम सिफारिस गरेपछि संसदीय सुनुवाइ समितिले अनुमोदन गरेर राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ। डा शर्मा प्रधानन्यायाधीशमा नियुक्त भएमा २०८९ असार ४ सम्म छ वर्ष उहाँको कार्यकाल हुनेछ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण सेवानिवृत्त भएपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले गत चैत १८ गतेदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हालिरहनुभएको छ।

प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा १२९(६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीश स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ।

न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो । प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो। रासस

# संसदीय सुनुवाइ समितिको कार्यविधि तय



काठमाण्डु । सङ्घीय संसद्, सुनुवाइ समितिको आजको बैठकले बैठक सञ्चालनसम्बन्धी कार्यविधि तय गरेको छ। संवैधानिक परिषद्ले भावी प्रधानन्यायाधीशमा डा मनोज शर्माको नाम सिफारिस गरेसँगै समितिले त्यसबारे औपचारिकपत्र प्राप्त भएपछि सुनुवाइ प्रक्रिया आरम्भ गर्नेछ।

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समितिका रूपमा रहेको यो समितिको पहिलो बैठकले सभापतिमा बोधनारायण श्रेष्ठलाई चयन गरेपछि कार्यसूचीगत रूपमा पहिलोपटक आज बैठक भएको हो । समितिका सदस्यसचिव तुलबहादुर कँडेलले समितिको बैठक र सुनुवाइको कार्यविधि तय भएसँगै अब काम अघि बढाउन सहज भएको बताउनुभयो । कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक पक्रियालाई संसदीय सुनुवाइ मानिन्छ।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि सङ्घीय कानुनबमोजिम संसदीय सुनुवाइ हुने भन्ने व्यवस्था गरिएको छ। रासस

# सिक्टा सिँचाइको डुडुवा शाखा नहर निर्माण द्रुतगतिमा



राँझा । राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाले शाखा नहर निर्माणकार्यलाई प्राथमिकता दिएको छ । आयोजनाको पश्चिमी मूल नहरअन्तर्गत अहिले डुडुवा शाखा नहरको निर्माणकार्य द्रुतगतिमा भइरहेको छ । यो नहरबाट १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिँचाइ सुविधा पुर्याउने लक्ष्य रहेको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर (सिडीइ) मनोजकुमार साहले बताउनुभयो।

उहाँका अनुसार २३.४ किलोमिटर लामो सो डुडुवा नहरबाट करिब १६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। उक्त नहरअन्तर्गत खजुरा र मानपुर दुई मुख्य शाखा रहनेछन् । विगतमा ठेक्का विवादका कारण लामो समयसम्म नहर निर्माणको काम रोकिएको थियो भने पुरानो ठेक्का रद्द गरेर नयाँ कम्पनीमार्फत ठेक्का दिई निर्माणलाई तीव्र पारिएको छ। हालसम्म नहरको निर्माणकार्य २५ प्रतिशत प्रगति भएको छ।

नेपालगन्ज-सुर्खेत सडकखण्डअन्तर्गत पिप्रहवादेखि राँझासम्म करिब पाँच किलोमिटर क्षेत्रमा टनेलमार्फत डुडुवा नहर निर्माण गरिनेछ भने बाँकी भाग खुला संरचनामा बन्नेछ। रामेछाप शेर्पा कन्स्ट्रक्सन प्रालिले रु एक अर्ब १२ करोडको लागतमा यो नहर निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने जिम्मा पाएको छ। नहर सम्पन्न भएपछि डुडुवा, खजुरा, नेपालगन्ज र जानकी क्षेत्रका किसानले वर्षैभरि सिँचाइ सुविधा पाउने अपेक्षा गरिएको आयोजनाका सूचना अधिकारी साहले बताउनुभयो।

सिक्टा सिँचाइ आयोजनाको मूल नहरबाट १८ क्युमेक्स (१८ हजार लिटर प्रतिसेकेन्ड) पानी डुडुवा नहरमा खसालेर २३ किलोमिटर लामो डडुवा शाखा नहर र उपशाखा नहर निर्माण गरी सिँचाइ सुविधा पुर्याउने लक्ष्य छ । यो नहर बनेपछि बाँकेको नेपालगन्ज, जानकी, खजुरा र डडुवा गाउँपालिकाका करिब १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिँचाइ सुविधा विस्तार हुने साहको भनाइ छ।

सिक्टाको मूल नहरबाट डुडुवा शाखा नहरको मुहानसम्म नियमित रूपमा पानी सञ्चालन भइरहेका कारण अब डुडुवा नहर निर्माण पूरा भए सुक्खा र खडेरीको मारमा परेका किसानलाई राहत मिल्ने सिक्टा सिँचाइ आयोजना जल उपभोक्ता सङ्घका अध्यक्ष शालिकराम डाँगीको विश्वास छ। रासस

# हिउँचितुवा गणना गर्न ५६ स्थानमा क्यामेरा राखियो



गलकोट। नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलोपटक हिउँचितुवा गणनाका लागि क्यामेरा जडान गरिएको छ। पन्ध्र दिन लगाएर तीन समूहले तीन हजार २०० मिटरदेखि पाँच हजार ५०० मिटरको उचाइमा पुगेर ५६ सेन्सरसहितको क्यामेरा जडान गरिएको छ।

नाउर र झारलको वैधानिक सिकार हुने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँचितुवा पाइने भए पनि अहिलेसम्म गणना हुनसकेको थिएन । हिउँचितुवाको यकिन सङ्ख्या पत्ता लगाउन प्राविधिक, सिकार आरक्षको टोली र गणकहरू क्यामेरा जडान गरेर फर्किएका छन्।

आरक्षका रेन्जर सागर सुवेदीका अनुसार ५६ क्यामेरा तीन समूहले छवटा सिकार ब्लकमा राखेर फर्केको बताउनुभयो । क्यामेराले ४५ दिनसम्म आफैं फोटो सङ्कलन गर्नेछ। क्यामेराको ब्याट्री र मेमोरी कार्ड भने १५ दिनमा परिवर्तन गर्न प्राविधिक समूह पुनः क्यामेरा राखेको स्थानमा पुग्नेछ। ओडारमा बास बसेर, कष्टकर हिउँ छिचोलेर प्राविधिक टोली क्यामेरा जडान गरेर फर्किएको सुवेदीको भनाइ छ।

“हिउँचितुवाको गणनाका लागि ५६ स्थानमा क्यामेरा राखिएको छ, क्यामेराले ४५ दिनसम्म कैद गरेका फोटोका आधारमा चितुवाको सङ्ख्या पत्ता लगाइन्छ, अहिले १५-१५ दिनमा क्यामेराको मेमोरी र ब्याट्री फेर्न प्राविधिक टोली सोही स्थानमा पुग्छ”, सुवेदीले भन्नुभयो, “सम्भावित चितुवाको बासस्थान, ओडार, जङ्गललगायत उच्च हिमाली भेगको बनोट हेरेर क्यामेरा जडान गरिएको छ।”

हिउँचितुवा गणनामा १५ जना कर्मचारी तथा प्राविधिक खटिएका थिए। ढोरपाटन सिकार आरक्षको तीन हजारदेखि पाँच हजार ५०० मिटरभन्दा माथिसम्म हिउँचितुवाको बासस्थान रहेको पाइएको छ। एक हजार ३२५ वर्ग किमी क्षेत्रमा फेलिएको आरक्षको मुख्यालय बागलुङमा रहे पनि म्याग्दी र रुकुमसम्म फैलिएको छ। वैशाखको ११ गतेदेखि राख्न थालिएको क्यामेरा ४५ दिनपछि सङ्कलन गरेर कार्यालयमा ल्याएर गणना गरिनेछ।

आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँचितुवा गणना गर्न क्यामेरा जडान गरिएको हो । रेन्जर सुवेदीका अनुसार हिउँचितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ । यस्तै हिउँचितुवाको जङ्गलमा भेटिएको दिसा सङ्कलन गरेर प्रयोगशालामा परीक्षण गरिन्छ भने पदचिह्न तथा सङ्केत सर्वेक्षण पाइलाका आधारमा समेत चितुवाको सङ्ख्या गणना गर्न सकिन्छ। रासस

# ‘रामप्रसादराई’ गाउँपालिकाले जारी गर्‍यो शैक्षिक श्वेतपत्र




भोजपुर।ःरामप्रसादराईगाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यसहित २१ बुँदे ‘शैक्षिक श्वेतपत्र-२०८३’ जारी गरेको छ। गाउँपालिकाभित्र रहेका विद्यालयको शैक्षिक अवस्थालाई सुदृढ बनाउँदै दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने दीर्घकालीन लक्ष्यका साथ उक्त श्वेतपत्र सार्वजनिक गरिएको हो।

शिक्षा क्षेत्रमा देखिएका विभिन्न समस्या, जस्तै, विद्यार्थीको घट्दो उपस्थिति, नतिजामा आएको गिरावट, दक्ष जनशक्तिको अभाव, पूर्वाधारको कमीलगायतका चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले यो पहल गरिएको गाउँपालिकाले जनाएको छ।

श्वेतपत्रमार्फत विद्यालय व्यवस्थापन, शिक्षकको क्षमता अभिवृद्धि, विद्यार्थीको सिकाइ उपलब्धि सुधार, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास र अभिभावकको सहभागिता वृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ।

गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट नतिजा हासिल गर्ने एक/एक जना छात्र र छात्रा तथा माध्यमिक तहका एक सर्वोकृष्ट शिक्षकलाई एक-एक थान ल्यापटप प्रदान गर्ने घोषणा गरेको छ । यसले विद्यार्थीमा प्रतिस्पर्धात्मक भावना विकास गर्नुका साथै शिक्षकलाई अझ जिम्मेवार र उत्प्रेरित बनाउने गाउँपालिकाको भनाइ छ।

गाउँपालिकाभित्र सञ्चालनमा रहेका ३४ वटा सामुदायिक विद्यालयमध्येबाट उत्कृष्ट शिक्षक छनोट गरी १० जनालाई जनही रु १० हजार नगदसहित सम्मान गरिनेछ। कक्षा ८ मा उत्कृष्ट अङ्क ल्याउने एक जना छात्र र एक जना छात्रालाई पनि जनही रु १० हजारसहित सम्मान गर्ने व्यवस्था गरिएको छ। यस्ता प्रोत्साहनमूलक कार्यक्रमले विद्यार्थी र शिक्षक दुवैलाई राम्रो प्रदर्शन गर्न थप ऊर्जा दिने विश्वास गरिएको छ।

श्वेतपत्रमा विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, शिक्षकको उपस्थितिलाई कडाइका साथ लागू गर्ने, शैक्षिक सामग्रीको उपलब्धता सुनिश्चित गर्ने, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्थापन सुधार गर्ने, सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने, अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गर्नेलगायत बुँदा समेटिएको बताइएको छ।

साथै, विद्यालय-अभिभावक-समुदायबीचको सहकार्यलाई मजबुत बनाउने विषयलाई पनि प्राथमिकतामा राखिएको छ।

गाउँपालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि गाउँपालिकाले शैक्षिक श्वेतपत्र जारी गरेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताउनुभयो।


विकासको पहिलो आधार शिक्षा रहेकाले देश विकासको निम्ति शिक्षालाई सुधार गर्न आवश्यक रहेकाले गाउँपालिकाले यसतर्फ जोड दिएको अध्यक्ष राईले बताउनुभयो।

“विकासको पहिलो आधार नै शिक्षा हो”, अध्यक्ष राईले भन्नुभयो, “शिक्षा क्षेत्रको गुणस्तर सुधारले मात्र समग्र विकासलाई गति दिन सक्छ । त्यसैले २१ बुँदे श्वेतपत्रमार्फत हामीले ठोस योजना अघि सारेका छौं। यसको प्रभावकारी कार्यान्वयनमा सबैको साथ आवश्यक छ।”

गाउँपालिकाले जारी गरेको उक्त श्वेतपत्रले स्थानीय तहमा शिक्षा सुधारको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । यसको प्रभावकारी कार्यान्वयन भएमा सामुदायिक विद्यालयको गुणस्तरमा सुधारका साथै विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन देखिने स्थानीय जानकारहरुको भनाइ छ। रासस

# मुस्ताङमा नेपाली सेनाको दुईदिने ‘हाइअल्टिच्युड सर्च एन्ड रेस्क्यु’ अभ्यास सुरु

मुस्ताङ । नेपाली सेनाको दुईदिने ‘हाइअल्टिच्युड सर्च एन्ड रेस्क्यु’ अभ्यास मुस्ताङमा सुरु भएको छ। यहाँको घरपझोङ गाउँपालिका जोमसोमस्थित नेपाली सेनाको इन्द्रबक्स गणको आयोजनामा बिहीबारदेखि खोज तथा रेस्क्यु अभ्यास सुरु गरिएको हो।



उच्च हिमाली क्षेत्रमा अक्सिजनको कमी, अत्यधिक चिसो र भौगोलिक विकटताका कारण हुने सम्भावित जोखिम तथा दुर्घटना न्यूनीकरणका साथै खोज तथा उद्धारकार्यमा सहज पुर्याउने उद्देश्यले इन्द्रबक्स गणले यसप्रकारको नमूना अभ्यास आयोजना गरेको जनाएको छ।

अभ्यासका लागि छिमेकी जिल्ला मनाङको भैरवी दल गुल्मबाट चार जना टोलीसहित इन्द्रबक्स गण र सैनिक उच्च शिखर शिक्षालय कैसाङबाट गरी करिब ५५ जनाभन्दा बढीको सहभागिता रहेको इन्द्रबक्स गणले जनाएको छ।

उच्च हिमाली क्षेत्रमा गरिने खोज तथा उद्धार कार्यमा नेपाली सेनाको क्षमता अभिवृद्धि गर्ने र यस प्रकारका जोखिमयुक्त स्थानमा हुने सम्भावित दुर्घटनाबाट जोगाउन उद्धारकार्यलाई प्रभावकारी तुल्याउन प्राविधिक सीप र कलाको विकासले खोज तथा उद्धारमा सहयोग पुग्ने इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले जानकारी दिनुभयो । खोज तथा उद्धार अभ्यासअन्तर्गत हिमनदी र पर्वतीय खोंचमा पसेका यात्रीलाई सुरक्षित उद्धार लगायतका अभ्यास हुने उहाँले बताउनुभयो।

‘रेस्क्यु’ अभ्यासअन्तर्गतको पहिलो दिन इन्द्रबक्स गणको नजिकैको विशाल चट्टानी पहाडमा डोरीको सहायताबाट रक क्लामिङको नमूना अभ्यास गरी ‘रेस्क्यु’ अभ्यास गरिएको हो । त्यसैगरी अभ्यासको दोस्रो दिन आज (शुक्रबार) घरपझोङ गाउँपालिका-५ स्थित सैनिक उच्च शिखर शिक्षालय नजिकै रहेको हिमनदी इलाकामा ‘रेस्क्यु’ अभ्यास हुने इन्द्रबक्स गणले जनाएको छ। रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। काँडा नै काँडाबीचको फूल म ।।

भुटै भुटबीचको सत्य म।
भ्रम र रहस्यले भरिएको यो संसार,
त्यसै संसारको एउटा सानो अंश म।
भाइको लागि बल, समाजका लागि कलाकार,
आफ्नै जीवनको लागि साधारण पात्र म।
अनेकौं रूप, स्वरूप, चरित्र र स्वभावको यो संसार,
त्यसै संसारको एउटा सानो अंश म।
पिताका लागि उनकै सास ,
माताका लागि उनकै हृदय म।
कर्तव्यपथ देखाउने यो संसार,
त्यसै संसारको एउटा सानो अंश म।
छोराका लागि रामसेतु म,
श्रीमतीका लागि उनकै श्रृङ्गार म।
माया र सम्बन्धको जालो यो संसार,
त्यसै संसारको एउटा सानो अंश म।
राष्ट्रका लागि सेवक,ईश्वरका लागि अभिनेता,
आवश्यकता परेको बखत कसैको आश म।
आफ्नो लागि म आफै बनेको संसार,
त्यसै संसारको एउटा सानो अंश म।



राज राय भट्ट
मटिहानी नगरपालिका-०१, धिरापुर, महोत्तरी

## ।। म दलित ।।

यो मानिसको जीवन कस्तो
त्यसमा पनि दलितको कोखमा
जन्म लिनु,त भन्नु, श्वास रहेर पनि
जिउँदै मरे जस्तो ।
भनिन्छ मानिस ठूलो दिलले हुन्छ
जातले हुँदैन ,कहाँ मान्छ यो
समाजको ती मानिसले
जो जातको हिसाबमा अहंकार रहन्छन्।
कस्तो जन्म दियौं ईश्वर
जातको हिसाबले त म सानै रहे
तर इमान्दारीपूर्वक कुटो र कोदालो बनाउने
काम गर्दा पनि म सानै रहे ।
मन्दिरमा नजाउँ त ईश्वरको
श्राप लाग्ला भन्ने डर
मन्दिरमा मन्दिरभित्र जाउ
त यो पापी समाजले, मार्ला भन्ने डर ।
हे ईश्वर किन जन्म दियौ मलाई
यो पापी जगतमा,के नै
फरक छ र यहाँ सानो र ठूलो
जातको मानिसको रगतमा।



लेखकः पर्वत राज रखाल(पर्खाल धनुषा)
ठेगाना: ग.चा न.पा.१ (धनुषा)

## ।। चेतन ।।

अन्धकार में हीं हम-तूँ,
पुरनका रिती-रिवाज में बंधाइल हीं हम-तूँ।
मानुस तन में जनम लेले हीं हम-तूँ,
ई जिनगी के बेकार नाय जाय दूँ।
एक-दोसर के मान आ सम्मान करी हम-तूँ,
मांझी असगरे पहाड़ तोड़ के रस्ता बना देलकै।
सहयोग केकरो नाय कर सकै ही, तऽ
निन्दा भी केकरो नाय करी।
अप्पन-अप्पन धन के नजराना कर आ शिक्षा में आगू बढ़ी,
हम-तूँ अप्पन चरम-चच्छु से बहुते कुछ हासिल कर सकै ही।
सम्पति के लेल ऊँच-नीच में बँटल हीं हम-तूँ अइ धरती पर,
सीप-हुन्नर आ शिक्षा के हमेसा कदर होइत छई ई मृतभुवन में,
बुझि रखिहें।
तोहर-हम्मर प्रथम पुजनिय पालन-पोषण करे वाला माता-पिता
होवइ थिन,
दोसर शिक्षा आ सीप दिये वाला गुरु होवइ थिन।
माता-पिता के सेवा से कहियो पाछाँ नाय हटू।
हम-तूँ की पढ़ के जानै ही?
की ऊ चीज़ के पाछाँ पड़ल जानै ही?
कोई पसीना, तऽ कोई कलम, तऽ कोई ब्याज ले के कमा-खा
रहल ही,
आ बहुते लोग परदेस जा के टुकटुका रहल ही।
शिक्षा आ सीप के अनुसार कमाऊ-खाऊ, माया दियू आ माया लियू।
स्वभाव आ सीप के मात्र चर्चा होइत छई, (दुनिया से) विदा
भेला के बाद में,
सूभ-बूभ राखिहें ई बात के।



कवि प्रमोद राम
जनकपुरधाम

## ।। मधेशको पुकार, बालविवाह मुक्त समाज ।।

इतिहासको पाना पल्टाउँदा, बालविवाहको तीतो सत्य भेटाउँदा,
जुन बेला समाज रुढीवादमा डुबेको, कलिला बालबालिकाको सपना टुटेको।
दर्दनाक कथाले मन चिसिन्छ, नारीलाई वस्तु सम्भने खराब चरित्र।
स्वास्थ्यमा गम्भीर संकट, जोखिममा ज्यान,
कलिलो उमेरमै गर्भवती हुँदाका दर्दनाक प्रमाण।
विकासको ढोका बन्द, भविष्य नै सुनसान, बाल अधिकारको खुलेआम हनन, मानवताको अपमान।
अब मधेश प्रदेशको कुरा गरौं, जहाँ बालविवाहको जरा अझै गहिरो रहेछ।
पर्सा, बारा, रौतहट, महोत्तरी, सर्लाहीमा यो प्रथाको प्रभाव बढी देखिन्छ।
शिक्षाको कमी, गरिबी र दाइजो प्रथाले यहाँका छोरीहरुको जीवन जोखिममा परेछ।
मधेशका युवा अब उठ्नुपर्छ, समाजमा व्याप्त यो अन्यायविरुद्ध बोल्नुपर्छ।
गाउँगाउँमा, टोलटोलमा सचेतनाका कार्यक्रम चलाउनुपर्छ,
बालविवाह नगरौं भनी सबैलाई बुझाउनुपर्छ।
विवाह भन्दा पहिला बालबालिकालाई राम्रो शिक्षा दिऔं,
ज्ञानको ज्योतिले जीवनको हरेक पक्षलाई उज्यालाऔं।
जबसम्म चेतनाको ज्योति घरघरमा पुग्दैन, बालविवाहको अन्त्य गर्ने हाम्रो सपना पूरा हुँदैन।
बालअधिकारको रक्षा निम्ति हामी सबै एकजुट बनौं,
बालविवाहमुक्त समाज, सुखी परिवारको नयाँ जग हालौं।



लेखक : मो. आमिर हुसैन
ठेगाना : जनकपुरधाम २५ लोहना

## ।। उज्यालोको यात्रा ।।

उज्यालोको यात्रा थाल्न सकिन।
आज परेला सम्म उचाल्न सकिन।
मागेका कुरा पुर्याउन नसक्ने भएँ,
मैले खुशीहरुलाई पाल्न सकिन।
समस्या ढकनी रहेछ म बाफ रहेछु,
फाल्न खोजिरहेँ तर फाल्न सकिन।
कोही त बनिदेउ अब मेरो मलामी,
मैले आफैलाई काँध हाल्न सकिन।
देख्नुभयो नि आज आफैलाई बालेँ,
सरकार के गर्नु चुल्हो बाल्न सकिन।
बचतको नाममा प्राण बचाएको मान्छेसँग।
जानेको कुरा किन गर्नू आएको मान्छेसँग।
मन्दिरको ढोका पनि लगाएको देखेको छु,
मान्छे मात्रै कहाँ हो र डराएको मान्छेसँग।
धेरैपछि तिमीले हालखबर भए नि सोध्यौ,
के भन्नू आफ्नो भन्न नपाएको मान्छेसँग।
सोध्न मन छ कसरी सुक्छन् चिसा आँखा,
कौशीमा चिसा लुगा सुकाएको मान्छेसँग।
कहाँ कहाँ कति गहिरो छ जिन्दगीको नदी,
सोधेर त हेर्नु समयले डुबाएको मान्छेसँग।



बीरेन्द्र यादव

## ।। मिथिला नगरी ।।

स्वर्ग सँ सुन्दर गाम ई अछि
मिथिलाके जनकपुर धाम ई अछि
माता सिता के गाम ई अछि
कते पोखरी कते तलाउ
मिथिला नगरी सन कोनो नै गाउँ
घर घर मे किसान छै
मिठगर मुँहं मे पान छै
यहि मिथिला मे कोशी कमला
मिथिले मे बलान छै
विद्यापति सन कवि मिथिला मे
ऋषि मुनि के गुन गान छै
गाउँ गाउँ मे नगर डिहवार
मिथिले मे धनुषाधाम छै
राजा सलेश दिना भद्री
अल्हा रुदल नाचक तान छै
कते सुन्दर मिथिला नगरी
सिता माता के सुन्दर गाम छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## "आउ मलाई हेर"

हिम्मत चाहियो ? ल आउ
म टुटेको हेर, च्यातिएको हेर ।
म भत्किएको हेर, लुटिएको हेर
ल आउ मलाई हेर।
अनगिन्ती ठगिएको मलाई र कमाएको मेरो केही इज्जत समाज
बाट फालिएको हेर।
अनि हेर, मलाई हेर।
हेर मेरो शिरलाइ हेर।
भुकेको छैन, अझै धेरै भोग्न तयार छ, हेर।
हिम्मत चाहियो? ल आउ मलाई हेर ।



नाम: दिलीप कुमार साह
ठेगाना: सर्लाही
हाल: बुटवल

## व्यवस्था कि अवस्था??

बदलिए पात्र यहाँ, फेरिएन अझै चाल उस्तै छ,
नयाँ नारा आए पनि, देशको यो हाल उस्तै छ।
कुर्सी तानातानमै बित्ने भयो आधा जिन्दगी यहाँ,
भुइँमान्छेको लागि त सधैँ अभावको अकाल उस्तै छ।
आश देखाउँछन् नयाँले, पुरानै बाटो हिँड्छन् फेरि,
बुनिएका सपनाका ती च्यातिएका जालो उस्तै छ।
स्वदेशमै पसिना सिँच्ने रहर मेरर गएपछि,
मुग्लान पस्ने तन्नेरीको त्यो लामो ताँती उस्तै छ।
परिवर्तनको बिगुल त फुकेकै हुन् सबैले मिलेर,
तर गरिबको भुपडीमा अझै पनि अन्धकार उस्तै छ।



दिपेन्द्र कुमार साह (सन्नी साह)

## ।। मनको भारीपन ।।

दिमाग भरि तनाव छ,
मनभित्र हजार प्रश्न छन्।
बोल्न खोज्दा शब्द हराउँछन्,
हाँस्न खोज्दा आँखा रसाउँछन्।
यहाँ सबै आफ्नै जस्ता देखिन्छन्,
तर कसैले मन बुझ्दैन।
भीडको बीचमा बसेर पनि,
आफ्नोपन कतै भेटिँदैन।
रातहरू झन् लामो लाग्छन्,
निद्राले पनि साथ छोडेको छ।
मनको पीडा लुकाउँदै बाँच्दा,
भित्रभित्रै केही तोडेको छ।
तर एक दिन यो आँधी पनि रोकिनेछ,
यो मन फेरि मुस्कुराउनेछ।
आज जति अन्धकार भए पनि,
भोलि एउटा उज्यालो अवश्य आउनेछ।



लेखकः दिलीप कुमार दास
ठेगाना: धनुषाधाम - ०४ लक्ष्मीपुर

## "अधुरो यात्रा"

यो यात्रा सुरु त भयो,
तर कहिल्यै पूरा हुन सकेन।
पाइला अघि बढे,
तर मन सधैँ पछाडि फर्किरह्यो।
सम्झनाहरूले बाटो छेके,
अनि सपनाहरू बिस्तारै हराए।
हरेक मोडमा केही छुट्दै गयो,
अनि म खाली हात अगाडि बढ्दै गएँ।
लक्ष्य अझै टाढा छ,
तर हिम्मत थाकिसकेको छ।
सायद यात्रा नै गल्ती थियो,
वा म नै गलत बाटोमा थिएँ।
अन्त्य कहिले आउँछ थाहा छैन,
तर थकानले अब रोकन खोज्दैछ ।।



आनन्द कुमार कामत
जनकनंदिनी गाउपालिका टोल (५) पतनुका , धनुषा

## ।। वर्षाको आगमन ।।

कालो बादल मडारिँदै आयो आकाशमा,
शीतल हावा बहँदै छ हरियाली पाखामा।
छमछम नाच्दै धर्तीमा ओर्लियो झरी,
ब्युँझिए डाँडाकाँडा प्रकृति सुन्दरी भरी।
रुखा सुखा पाखाहरूमा प्राण पलायो,
किसानको मनमा नयाँ आशा जगायो।
खेतका गराहरूमा मुठी रोपी मुरी फलाउने,
हिलो र माटोसँग साउती मार्दै रमाउने।
खोला र नाला सुसाउँदै झर्छन् छाँगाबाट,
सुगन्ध आउँछ माटोको भिजेको बाटोबाट।
मयूरले प्वाँख फिँजाई नाच देखाउँछ वनमा,
एक किसिमको छुट्टै उमङ्ग छायो जन-जनमा।



लेखकः शम्भु साह (कानूनी सल्लाहकार)
ठेगाना: मिथैया न.पा ११

## ।। आमा ।।

नौ महिना कोखमा राखी, देखायौ यो संसार
तिमी नै हौ मेरो पहिलो, ज्ञानको आधार।
आफू कति पढ्यौ कुन्नि, मलाई ठूलो बनायौ
अक्षर चिनाई जीवनकै, असल बाटो देखायौ।
मनमा लुकाई आफ्ना पीडा, मलाई हाँस्न सिकायौ
कहिले हप्कायौ मायाले, त कहिले सम्झायौ।
इमान र इज्जतको सधैँ, पाठ तिमीले पढायौ
मलाई खुसी राख्न आमा, दुःखका पहाड चढायौ।
आफू भोकै बसी कति, मेरो पेट भरायौ
बिरामी म हुँदा रातभरि, ननिदाइ कुरिरह्यौ।
आदर र सद्भावको दियो, मनमा मेरो बाल्यौ
मेरा हरेक पाइलामा, आफ्नै छाया हाल्यौ।



ऋषिकेश यादव
जनकपुर

# मुस्ताङ पुगेर शिल्पाले कसिन् लगनगाँठो



काठमाण्डु । अभिनेत्री शिल्पा मास्के विवाह बन्धनमा बाँधिएकी छन् । उनले बिहीबार प्रेमी तथा ट्याटु आर्टिस्ट फ्लावर केसीसँग लगनगाँठो कसेकी हुन् । उनीहरूको विवाह हिमालपारिको जिल्ला भनेर चिनिने मुस्ताङमा भएको हो। कोबाङ गाउँमा अवस्थित लज थासाङ भिलेजमा भएको विवाह समारोहमा दुई पक्षका सीमित पारिवारिक सदस्यहरूको मात्र उपस्थिति रहेको थियो।

शिल्पाले विवाहका केही तस्वीरहरू फेसबुक र इन्स्टाग्राममा सेअर गर्दै प्रकृतिको बीचमा विवाह गर्ने आफूहरूको सपना पूरा भएको उल्लेख गरेकी छन् । विवाहका हरेक क्षण सपनाजस्तै रहेको बताउँदै उनले भनेकी छन्, 'एक समय कल्पनामा मात्र रहेको सपना आज हाम्रो जीवनको सबैभन्दा सुन्दर सम्झनामध्ये एक बनेको छ ।'

शिल्पाको कामको कुरा गर्दा उनी पछिल्लो पटक आफैँले निर्माण गरेको फिल्म 'देवी'मा देखिएकी थिइन्, जुन २०८१ सालमा रिलिज भएको थियो । तर, यो फिल्म व्यावसायिक रूपमा सफल हुन सकेन । त्यसो त उनले आफ्नो ७ वर्ष लामो अभिनय करिअरमा एउटा पनि हिट फिल्म पाएकी छैनन् ।

यसैले पछिल्लो समय उनी गुमनामजस्तै देखिएकी छन् । उनले सन् २०१९ मा प्रदर्शन भएको फिल्म 'द ब्रेकअप'बाट अभिनेत्रीको रूपमा डेब्यू गरेकी थिइन् । यसपछि उनले अभिनय गरेका 'कागजपत्र', 'सानो मन', 'कठपुतली', 'लाइफ इन एलए', 'परस्त्री', 'फूलबारी' जस्ता फिल्म प्रदर्शनमा आइसकेका छन् । केही म्यूजिक भिडियोमा पनि काम गरिसकेकी उनी चाँडै नयाँ फिल्म 'जलाकी'मा देखिँदैछिन्।

# महिलाको प्रतिनिधित्व बढाएर ५० प्रतिशत पुऱ्याउनुपर्ने माग



काठमाण्डु । गत भदौमा भएको जेनजी प्रदर्शनपछि सम्पन्न प्रतिनिधिसभा निर्वाचनमार्फत बनेको बलियो सरकारले महिलाको प्रतिनिधित्व बढाएर ५० प्रतिशत पुऱ्याउनुपर्ने माग गरिएको छ ।

आज यहाँ सञ्चारिका समूह नेपालको आयोजना र संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (यूएनएफपिए) को सहयोगमा 'लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा अन्त्यका लागि आगामी रणनीतिक' विषयमा अन्तरक्रिया कार्यक्रममा सहभागीले हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व बढाएर विश्वमा नमूना प्रस्तुत गर्नुपर्ने माग राखेका हुन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेद्भाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समिति महिलाविरुद्धको विभेद् उन्मूलन कमिटी (सीड)का सदस्यमा बन्दना राणाले नेपालको जेनजी आन्दोलनले विश्वको ध्यानकेन्द्रित गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अन्य देशमा जेनजी आन्दोलन असफल भयो । तर नेपालमा सफलमात्रै भएन, प्रतिनिधिसभा सदस्य निर्वाचन सफल भई नयाँ सरकार गठन भएको छ । अहिलेको बलियो नेतृत्वले महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुऱ्याउनुपर्छ ।"

महिलामाथि हुने हिंसा डिजिटलमा रुपान्तरण भएको समयमा सामाजिक सञ्जालको नियमनमा पत्रकार, वकिल र नागरिक समाजले मुख्य भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

महिला, कानुन र विकास मञ्चका अध्यक्ष एवं अधिवक्ता सविन श्रेष्ठले लैङ्गिक हिंसा के हो ?, कसरी न्यस्नीकरण गर्न सकिन्छलगायत विषयमा बारेमा सचेतना फैलाउनुपर्ने बताउँदै यौन र प्रजनन् स्वास्थ्यको विषयलाई मुख्य एजेण्डा बनाइनुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार ९१ प्रतिशत हिंसा चिनजानका व्यक्तिबाट हुने गरेको छ । नेपालमा हुने कुल हिंसाको आधारमा २९ प्रतिशत लैङ्गिक हिंसा हुने गरेको प्रहरीले जनाएको छ । नेपालमा अझै पनि गोप्य रूपमा 'सरोगेट' (कुनै व्यक्तिको तर्फबाट अर्को व्यक्तिको कोख प्रयोग गरी बच्चा जन्माउने प्रक्रिया) हुने गरेको अधिवक्ता श्रेष्ठले उल्लेख गर्नुभयो ।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले नेपालमा महिलाका लागि प्रशस्त कानुन बनेका भए पनि न्यायको पहुँचमा पीडित पुग्न नसकेका गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "कानुनको जटिलताका कारण महिलाहरू अदालत त परै जाओस् प्रहरीकोमा उजुरी दिनसमेत पुग्न सकेका छैनन् । ठूलाठूला अपराधमा पनि महिला मेलमिलाप गर्न बाध्य छन्, यो सबै कानुनी साक्षरताको अभाव हो ।" रासस

# संसद् बैठक आह्वानसँगै बजेट लेखनको चटारो



काठमाण्डु । सरकारले सङ्घीय संसद्का दुवै सदनको बैठक आह्वान गरेसँगै आगामी आर्थिक वर्षको बजेट लेखनको आवश्यक तयारी पनि तीव्र पारिएको छ । यही वैशाख २८ गतेका लागि सङ्घीय संसद्को बैठक बोलाइएको छ । वर्षे अधिवेशनका रूपमा लिइने यस अधिवेशनमा सरकारको नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुन्छ ।

हरेक वर्ष जेठ १५ गते सङ्घीय संसदको संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने कार्यसूची रहँदै आएको छ । सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बजेट अधिवेशनका लागि आवश्यक तयारी भइरहेको जानकारी दिनुभयो ।

बजेट प्रस्तुत गर्नेसमय नजिकिएपछि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले छलफललाई तीव्र पार्नुभएको छ । यसपटकको बजेटलाई रुपान्तरणकारी बनाउने सरकारको तयारी रहेको छ ।

मुलुकको अर्थतन्त्रलाई गति दिने र सुधारलाई नयाँ चरणमा लैजाने उद्देश्यका साथ अर्थमन्त्रीले विभागीयमन्त्री र सचिवहरूसँग छलफल गरिसक्नुभएको छ । सबै मन्त्री र सचिवहरूसँग एकसरो छलफल सकेर अर्थमन्त्री डा वाग्लेले सांसदहरू तथा अन्य सरोकारवालाहरूसँग छलफललाई तीव्र पार्नुभएको छ ।

राष्ट्रिय योजना आयोगले आगामी आवका लागि रु १८ खर्ब ९० अर्बबराबरको बजेट सिलिङ तय गरेको छ । अर्थमन्त्री डा वाग्लेले गत चैत तेस्रो सातामा नै राजस्व व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव उत्तर खत्रीको संयोजकत्वमा बजेट लेखन समिति गठन गर्नुभएको थियो ।

सोही समितिले विनियोजन विधेयकको मस्यौदा तयार गर्ने काम गरिरहेको छ । समितिमा अर्थ मन्त्रालयका विभिन्न महाशाखा प्रमुखहरू सदस्य रहेका छन् । यसपटकको बजेट सन्तुलित र नयायोचित हुने भन्दै अर्थमन्त्रीले बजेट माग्न धेरै दौडधुप नगर्न सांसदहरूसँगको छलफलमा आग्रह गर्नुभएको छ । सरकारले स-साना आयोजनामा बजेट विनियोजन नगर्ने स्पष्ट पार्दै अर्थमन्त्रीले धेरै दौडधुप नगर्न यसअघि नै आग्रह गरिसक्नुभएको छ ।

बजेट निर्माणबारे अर्थमन्त्री वाग्लेसँग सांसदहरूले दुर्गम क्षेत्रलाई विशेष प्राथमिकतामा राख्न सांसदहरूले जोड दिनुभएको छ । अर्थमन्त्री वाग्लेले मन्त्रालयबाट आएका योजनाहरू आवश्यक अध्ययन गरेर बजेटमा समावेश गरिने बताउँदै आउनुभएको छ । सरकारले अघि सारेका नीति तथा 'वाचापत्र'मा उल्लेख गरिएका प्रतिबद्धतालाई समेत आधार बनाएर बजेट तयार गरिने अर्थमन्त्रीको भनाइ रहँदै आएको छ ।

आगामी जेठ १५ गते प्रस्तुत हुने बजेट समग्र नेपाल केन्द्रित गर्ने सरकारको तयारी छ । बजेट निर्माण प्रक्रियालाई बढी व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्य राखिएको छ ।

बजेटमा समावेश गरिने योजनाहरू सम्बन्धित मन्त्रालयबाटै आउनुपर्नेछ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रमा समावेश गरिएका विषयलाई प्रतिविम्बित गर्ने तयारी छ । बजेट विनियोजनलाई केन्द्र, प्रदेश र स्थानीय तहबीच स्पष्ट रूपमा छुट्याएर विकासलाई प्रभावकारी बनाइनेछ ।

यस्तै, दुर्गम तथा पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्नुपर्नेमा जोड दिँदै सङ्घीय मन्त्रालय धाउनुपर्ने पुरानो अभ्यास अन्त्य गर्नुपर्ने सुझावसमेत प्राप्त भएको छ ।

सांसदहरूले राखेका माग र प्रस्तावलाई लिखित रूपमा मन्त्रालयमै पठाइने र त्यसको प्राथमिकता सम्बन्धित मन्त्रालयले नै निर्धारण गर्ने व्यवस्था अघि सारिएको छ, जसले बजेट वितरण प्रक्रियालाई सहज र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

त्यसो त अर्थ मन्त्रालयले बजेटमा आवश्यक सुझाव दिन यसअघि नै आह्वान गरिसकेको छ । आम नागरिकले समेत बजेटमा सुझाव दिनसक्ने व्यवस्था गरिएको छ । निजी क्षेत्रका छाता संस्था, सरोकारवाला निकायहरूले समेत आवश्यक सुझाव तथा सल्लाह दिनेछन् । रासस

# पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउनुपर्छ : मन्त्री श्रेष्ठ

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मौसम पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाएर क्षति न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभएको छ ।



जल तथा मौसम विज्ञान विभागद्वारा शुक्रबार आयोजित राष्ट्रिय मनसुन फोरम कार्यक्रममा उहाँले जल तथा मौसमसम्बन्धी सूचनाको प्रभावकारी प्रयोगबाट जीउधनको सुरक्षा गर्न सकिने तथा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारमा हुने क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने बताउनुभयो ।

मनसुनजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्ययोजना प्रभावकारी बनाउन मौसम पूर्वानुमानको भूमिका महत्त्वपूर्ण हुने उहाँको भनाइ छ । कृषि क्षेत्रमा मौसम पूर्वानुमानले बाली व्यवस्थापन, सिँचाइ तथा उत्पादन योजनामा सहयोग पुर्याउने बताउँदै मन्त्री श्रेष्ठले जलासय व्यवस्थापन, जलविद्युत् उत्पादन, यातायात, स्वास्थ्य तथा पूर्वाधार व्यवस्थापनमा पनि यसको उपयोगिता बढ्दो रहेको धारणा राख्नुभयो ।

जलवायु परिवर्तनका कारण मौसम प्रणाली थप अनिश्चित र जटिल बन्दै गएको उल्लेख गर्दै उहाँले मौसम सेवाको गुणस्तर सुधार गर्न वैज्ञानिक केन्द्रहरूको विस्तार, अनुसन्धान प्रवर्द्धन तथा आधुनिक प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभयो । एआई, मेसिन लर्निङ र आधुनिक 'अल्गोरिदम' प्रयोगमार्फत मौसम पूर्वानुमानलाई अझ प्रभावकारी बनाउनेतर्फ मन्त्रालय गम्भीर रहेको उहाँको भनाइ थियो ।

मन्त्री श्रेष्ठले मौसम तथा विपद् पूर्वानुमान प्रणालीले सानो सतर्कताबाट पनि ठूलो जनधनको क्षति रोक्न सक्ने उल्लेख गर्दै यस क्षेत्रमा कार्यरत प्राविधिक तथा विभागीय टोलीको प्रशंसा गर्नुभयो । रासस

# नेता किराती श्रम संस्कृति पार्टीमा



काठमाण्डु । पूर्वमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टीको अध्यक्ष परिषद्का सदस्य सुदन किराती शुक्रबार श्रम संस्कृति पार्टीमा प्रवेश गर्नुभएको छ ।

गत चुनावअघि गठन गरिएको प्रलोपामा जोडिनुभएका तत्काली माओवादी केन्द्रका नेता किरातीलाई शुक्रबार यहाँ आयोजित एक कार्यक्रममा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साङपाङ राईले पार्टी प्रवेश गराउनुभएको हो । रासस

# शिक्षामन्त्रीसँग अष्ट्रेलियाका राजदूतको शिष्टाचार भेटवार्ता



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले शिष्टाचार भेट गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको उक्त भेटका क्रममा उहाँहरूबीच नेपाल र अष्ट्रेलियाबीचको सम्बन्ध, शिक्षा, विकास साझेदारलगायत विषयमा छलफल भएको थियो । विशेषगरी उहाँहरूबीच उच्च शिक्षामा अन्तरदेशीय शिक्षा प्रबन्धका क्षेत्रमा दुई देशबीच सहकार्यको सम्भावनाका विषयमा छलफल भएको थियो ।

भेटमा शिक्षामन्त्री पोखरेलले अष्ट्रेलियन उच्च शिक्षाका राम्रा कार्यक्रममा सहकार्य र साझेदारिताका विषयमा सकारात्मक रहेको भन्दै ती विषयमा कानुनी प्रबन्धका लागि पहल गरिने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री पोखरेलले विश्वस्तरीय शिक्षा नेपालमै दिनेगरी नीतिगत सुधार गरेर जानुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यालय शिक्षा क्षेत्रमा सुधारका अरू विकास साझेदारहरूसँग जस्तै अष्ट्रेलियासँग पनि सहकार्य गर्न मन्त्रालय इच्छुक रहेको बताउनुभयो ।

राजदूत महामहिम अर्न्स्टले उच्च शिक्षामा अन्तरदेशीय शिक्षा प्रबन्धकका बारेमा चासो व्यक्त गर्दै उहाँले उच्च शिक्षाका राम्रा अष्ट्रेलियन कार्यक्रमहरूमा साझेदारी गर्ने इच्छासमेत व्यक्त गर्नुभएको छ । रासस

# 'भूमि विषयका विज्ञबाट भूमि समस्या समाधान गराउँछौँ'

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले भूमि विषयका विज्ञको समितिले यससम्बन्धी समस्या समाधान गर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका विषयको छलफलमा उहाँले विगतमा विज्ञ राख्नुपर्ने भूमि समस्या समाधान आयोगमा राजनीतिक मानिस राखिएका कारण समस्या समाधान नभएको बताउनुभयो । अहिलेको सरकारले विज्ञ संलग्न समिति गठन गरेर यो समस्या समाधान गर्ने मन्त्री रावलको प्रतिबद्धता थियो ।



"सहकारीका पीडित बचतकर्तालाई दिन लागिएको रु २५ करोडको बजेट हामी सरकारमा आएर व्यवस्था गरेका होइनौँ, यो गत वर्ष जेठ १५ गते संसद्मा प्रस्तुत भएको बजेटकै पैसा राखेर चक्रीय कोष बनाएका हौँ, हामीले केही नयाँ गरेका छैनौँ, पुरानै कार्यक्रमको निरन्तरता हो", उहाँले भन्नुभयो ।

समस्याग्रस्त सहकारीको ऋण असुली गर्न १५ दिने सूचना निकाल्दा धेरै ऋणी सम्पर्कमा आएको मन्त्री रावलले बताउनुभयो । नआउनेको नाम सार्वजनिक गरेपछि थप ऋणी सम्पर्कमा आएर ऋण तिर्ने वातावरण बनेको बैठकमा उहाँले जानकारी गराउनुभयो ।

अव्यवस्थित बसोवासीका सन्दर्भमा पहिचान र व्यवस्थापनविना केही नगरिने उल्लेख गर्दै मन्त्री रावलले डोजर आतङ्क भनी अतिरञ्जित गरिएको गुनासो गर्नुभयो । पीडित नभई पीडितका आडमा विभिन्न गतिविधि गर्नेहरूमात्र डराउनुपर्ने उहाँको भनाइ थियो । भइरहेको संरचनालाई प्रयोग गरेर नै भूमि समस्या समाधान गरिने र यसका लागि आजै भूमि व्यवस्था र शहरी विकास मन्त्रालयको बैठक बस्न लागेको जानकारी पनि सो अवसरमा मन्त्री रावलले गराउनुभएको थियो ।

बैठकमा सभापति अशोककुमार चौधरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद केपी खनालको संयोजकत्वमा आन्तरिक कार्यविधि अध्ययन उपसमिति गठन गरिएको जानकारी गराउनुभएको थियो । उपसमितिमा नेपाली कांग्रेसका सन्तोष सुब्बा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का लक्ष्मीप्रसाद पोखरेल, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रेमबहादुर वयक र राष्टिय प्रजातन्त्र पार्टी (राप्रपा) का ताहिर अलि भाट सदस्य रहनुभएको जानकारी उहाँले गराउनुभएको थियो ।

बैठकमा सांसदहरू उमेश ढकाल, उत्तमप्रसाद पौडेल, लक्ष्मीप्रसाद पोखरेल, सुरेशकुमार चौधरी, शम्भुप्रसाद ढकाल, केपी खनाल, वासुमाया तामाङ, आशिका तामाङ, सन्तोष सुब्बा, समिना मियाँ, ताहिर अलि भाट, राजीव खत्री, सुजाता तामाङ, पुनम अग्रवाल, माधवबहादुर थापा, प्रेमबहादुर वयक, गङ्गालक्ष्मी अवाललगायतले भूमिसम्बन्धी देशका विभिन्न स्थानमा देखिएका समस्या समाधान हुनुपर्ने, सहकारी पीडितको बचत रकम छिटो फिर्ता गरिनुपर्ने, बचतकर्ताको बचत रकम अपचलन गर्ने सहकारीका सञ्चालक, कर्मचारीलगायतलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने, गुठीका क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने माग गर्नुभएको थियो ।

मन्त्रालयका सचिव मदन भुजेलले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानकै लागि अध्यादेशबाट सहकारी ऐन, २०७४ संशोधन गरिएको जानकारी दिनुभयो । सहकारीको कर्जा असुलीलाई तीव्रता दिएको, गुठीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि नयाँ गुठी ऐन मस्यौदा गर्न लागिएको उहाँले बताउनुभयो । सो अवसरमा मन्त्रालयका सहसचिव गोविन्दप्रसाद रिजाल र भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक शिव रेग्मीले सहकारी र भूमि व्यवस्थापनका क्षेत्रमा भइरहेका थप कामका बारेमा सांसदहरूलाई जानकारी गराउनुभएको थियो । रासस

# 'सीमा समस्या समाधानका लागि कूटनीतिक प्रयास जारी छ'



काठमाण्डु । परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा देखिएको सीमा समस्या कूटनीतिक तवरबाट समाधान गर्न सरकार लागिपरेको जनाएको छ ।

मन्त्रालयद्वारा शुक्रबार आयोजित कार्यक्रममा प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले लिपुलेकको सन्दर्भमा सरकारका तर्फबाट स्पष्ट धारणा सार्वजनिक भइसकेको बताउनुभयो । "कूटनीतिक प्रयासले नै समस्या समाधान गर्नेमा हाम्रो स्पष्ट धारणा छ", उहाँले भन्नुभयो ।

चीन र भारतबीच सञ्चालन हुने कैलाश-मानसरोवर यात्रा नेपालको भूमि लिपुलेक हुँदै जाने गरेको स्पष्ट धारणा यही वैशाख २० गते नै सार्वजनिक गरिएको प्रवक्ता क्षेत्रीको भनाइ छ । नेपाल सरकारले महाकाली पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूमिमा रहेको भन्ने तथ्य १८१६ को सुगौली सन्धिबाट स्पष्ट उल्लेख गरिएकाले यही अडानमा नेपालले कूटनीतिक समाधानको प्रयास गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

साथै यस विषयमा दुवै छिमेकी मुलुक भारत र चीनलाई जानकारी भएको र पटकपटक स्मरण गराउँदै आएको प्रवक्ता क्षेत्रीले बताउनुभयो । रासस

## चुनावी वाचापत्र अनुसार नै विद्यार्थी सङ्गठन खारेज गरिएको हो: शिक्षामन्त्री

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आफूहरुको चुनावी वाचापत्र अनुसार नै विद्यार्थी सङ्गठन खारेज गरिएको बताउनुभएको छ ।

सिंहदरबार शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै नेपाल सरकारका प्रवक्ता पोखरेलले आफूहरुको वाचापत्रलाई निर्वाचनका समयमा छलफल भएको र वाचापत्रलाई जनताले अनुमोदन गरिसकेकोले विद्यार्थी सङ्गठन नराख्ने विषयमा थप बहस आवश्यक नभएको स्पष्ट गर्नुभयो ।

'बढी शुल्क लिनेमाथि कारबाही गर्न स्थानीय तह सक्रिय हुनुपर्छ'

विद्यालयहरुले तोकिएको मापदण्डभन्दा बढी भर्ना वा वार्षिक शुल्क लिएको गुनासो आएको उल्लेख गर्दै उक्त विषयमा नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घका पदाधिकारी र उपत्यका मेयर्स फोरमका प्रतिनिधिसँग छलफल भएको बताउनुभयो ।

"तोकिएको मापदण्ड र नियमको कार्यान्वयनका लागि सङ्घ सरकारको कुनै मद्धत चाहिएमा हामी तयार छौँ तर यो मूलतः स्थानीय तहको दायित्वको कुरा हो । रासस

# विकासको नयाँ परिभाषातर्फ विश्व समुदाय : राष्ट्रसङ्घ

रासस/एएफपी । संयुक्त राष्ट्रसङ्घले विश्वका देशहरूको विकासलाई अझ समावेशी, सन्तुलित तथा दिगो रूपमा मूल्यांकन गर्न नयाँ विश्वव्यापी प्रस्ताव गरेको छ

उक्त प्रस्तावले कुल गार्हस्थ उत्पादनसँगै नागरिकको जीवनस्तर, सामाजिक अवस्था, समानता तथा वातावरणीय संरक्षणलाई पनि विकासका महत्वपूर्ण आधारका रूपमा समेट्ने उद्देश्य राखेको छ ।

मानिस र पृथ्वीका लागि प्रगतिको दिशा देखाउने मापन' नामक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको स्वतन्त्र उच्चस्तरीय विज्ञ समूहद्वारा सार्वजनिक गरिएको हो । प्रतिवेदनमा आर्थिक वृद्धिसँगै मानव कल्याण, सामाजिक न्याय तथा वातावरणीय दिगोपनलाई समान महत्व दिइएको छ ।

महासचिव गुटेरेसले कुल गार्हस्थ उत्पादन आर्थिक प्रगतिको महत्वपूर्ण सूचक भए पनि यसले समाजको सम्पूर्ण अवस्था पूर्ण रूपमा प्रतिबिम्बित गर्न नसक्ने उल्लेख गर्नुभएको छ । उहाँले



असमानता, गरिबी, स्वास्थ्य, शिक्षा, शान्ति तथा वातावरणीय संरक्षणजस्ता विषयलाई विकास मूल्यांकनमा सम्मानपूर्वक समावेश गर्न आवश्यक रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्र महासभाकी अध्यक्ष एनालेना बेयरबोकका अनुसार प्रस्तावित सूचक पटलमा ३१ वटा सूचक समावेश गरिएको छ, जसले आर्थिक, सामाजिक तथा वातावरणीय अवस्थाको विस्तृत र सन्तुलित चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । साथै, विपद् तथा सङ्कट सामना गर्ने समाजको क्षमतासमेत यसमा समेटिएको छ ।

विज्ञ समूहकी सह-अध्यक्ष नोरा लस्टिगले कुल गार्हस्थ उत्पादनले असमानता, गरिबी तथा वातावरणीय क्षतिजस्ता संवेदनशील पक्षलाई पर्याप्त रूपमा समेट्न नसक्ने धारणा व्यक्त गर्नुभएको छ । अर्को सह-अध्यक्ष कौशिक बसुले विकास भनेको केवल आर्थिक वृद्धि मात्र नभई शिक्षा, स्वास्थ्य, कला, संस्कृति तथा नागरिकको जीवनस्तरमा सकारात्मक सुधार पनि भएको उल्लेख गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार लामो समयदेखि कुल गार्हस्थ उत्पादन नीति निर्माणको प्रमुख आधारका रूपमा प्रयोग हुँदै आएको छ । तर केवल यसैमा निर्भर हुँदा अर्थतन्त्र वृद्धि भए पनि वातावरण, सुरक्षा तथा जनजीवनको गुणस्तरमा असर पर्न सक्ने सम्भावना रहने बताइएको छ ।

यो प्रतिवेदनले सरकारहरूलाई समावेशी विकास, दिगोपन तथा जनकल्याणलाई प्राथमिकता दिँदै प्रभावकारी नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । साथै, विकासलाई केवल आर्थिक उपलब्धिमा सीमित नराखी मानव जीवनको गुणस्तर र प्रकृतिको संरक्षणसँग जोडेर हेर्नुपर्ने आवश्यकता पनि प्रतिवेदनले औँल्याएको छ ।

## स्ट्रेट अफ होर्मुज बन्द हुँदा १५०० भन्दा बढी जहाजहरू समुन्द्रमै ठप्प : आइएसओ



रासस/एएफपी । गत फेब्रुअरी -२८ देखि स्ट्रेट अफ होर्मुजको समुन्द्रीक नाका बन्द भएको कारण करिब एक हजार ५०० भन्दा बढी माल-बाहाक जहाजहरू खाडी क्षेत्रका समुन्द्रमै ठप्प भएको अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन ९आइएसओ० ले जनाएको छ ।

अन्तर्राष्ट्रिय समुद्री संगठनका महासचिव आर्सेनियो डोमिंगेजले पानामामा टिप्पणीको क्रममा हाल लगभग २० हजार चालक दलका सदस्य र लगभग एक हजार ५०० जहाजहरू खाडीमा फसेको जनाउनु भएको हो । उहाँले उक्त समुद्री नाकाबाट विश्वव्यापी रूपमा खपत हुने उत्पादनहरूको अधिकाशं ढुवानी हुने गरेको उल्लेख गर्नु भएको छ ।

उद्योग व्यवसायी समुद्री सङ्गठनका प्रतिनिधिहरूको प्रभावित समूहलाई सम्बोधन गर्दै डोमिङ्गेजले फसेका चालक दलका सदस्यहरू अन्य देशहरू बाट हरेक दिन नियमित कामका लागि हिडिरहेका निर्दोष व्यक्तिहरू उनीहरूको नियन्त्रण भन्दा बाहिरको भूराजनीतिक परिस्थितिका कारण यस क्षेत्रमा फसेको जनाउनु भएको छ ।

## क्युबामाथि अमेरिकाले कारबाही गर्ने सम्भावना देखिँदैन : राष्ट्रपति

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बन्द कोठामा भएको भेटवार्तापछि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले अमेरिकाले तत्काल क्युबामाथि आक्रमण गर्ने कुनै योजना नभएको आफूले बुझेको दाबी गर्नुभएको छ । ह्वाइट हाउसमा दुई नेताबीच भएको भेटवार्तापछि यो कुरा सार्वजनिक भएको हो ।



यसअघि राष्ट्रपति ट्रम्पले क्युबामा आक्रमण गर्ने भनी कैयौं पटक चेतावनी दिँदै आउनुभएको थियो ।

लुलाले वासिङ्टनस्थित ब्राजिलियाली दूतावासमा पत्रकार सम्मेलनमा आफूले अमेरिकी समकक्षीसँग बन्द कोठामा करिब साढे दुई घण्टा कुराकानी गरेको र वार्ता खासगरी क्युबा र प्रमुख क्षेत्रीय सुरक्षा मुद्दाहरूमा केन्द्रित गरिएको भएको बताउनुभएको थियो ।

लुलाले आफूले प्राप्त गरेको अनुवादअनुसार ट्रम्पले क्युबाविरुद्ध सैन्य कारबाही नचाहेको स्पष्ट पारेको बताउनुभएको थियो । उहाँले क्युबाले वार्ता गरेर समस्या समाधान गर्न चाहेको उहाँले बताउनुभयो ।

उहाँले बताउनुभयो, "क्युबाले वार्ता गर्न चाहन्छ । क्युबा वर्षौंदेखि आर्थिक प्रतिबन्धका कारण समस्यामा छ र प्रतिबन्धले क्युबाको विकासमा बाधा पुगेको र यसलाई पूर्ण रूपमा स्वतन्त्र देश बन्नबाट रोकेको छ ।"

अमेरिकाले क्युबामाथि प्रतिबन्ध कडा पारेको छ र अझै पनि क्युबाप्रति अमेरिकी नीति कडा छ ।

अमेरिकाले हालै क्युबामाथि नयाँ प्रतिबन्ध लगाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले क्युवाली कम्पनी गाइसाविरुद्ध कारबाही जारी गरिएको बताउनुभएको छ । प्रतिबन्धका कारण मोआ निकेल नामक खानि कम्पनी पनि प्रभावित भएको छ ।

यो कम्पनी क्युवाली र क्यानडेली कम्पनी शेरिटको साझेदारीमा सञ्चालन भएको छ। यी प्रतिबन्धपछि शेरिट कम्पनीले क्युबामा आफ्नो सेवा बन्द गरेको छ। अमेरिकाले क्युवाली सरकारलाई दबाब दिनका लागि यो कदम चालिएको बताएको छ ।

## रुसको तेल, ग्यासबाट हुने आम्दानीमा ३८ प्रतिशतले कमी

रासस/एएफपी । रुसको तेल र ग्यासबाट हुने राजस्वमा कमी आएको छ ।

सन् २०२६ को पहिलो चार महिनामा गत बर्षको सोही अवधिको तुलनामा तेल र ग्यासबाट हुने आम्दानी ३८.३ प्रतिशतले घटेर करिब ३०.९५ अर्ब अमेरिकी डलरमा झरेको रूसी अर्थ मन्त्रालयले शुक्रबार आफ्नो वेबसाइटमा उल्लेख गरेको छ ।

यो गिरावट मुख्य रूपमा अघिल्लो अवधिहरूमा तेलको कम मूल्यका कारण भएको मन्त्रालयले जनाएको छ । यद्यपि, यो अवधिमा गैर-तेल र ग्याँसको राजस्व १०.२ प्रतिशतले बढेर झण्डै एक खर्ब २६ अर्ब ९० करोड डलर पुगेको छ । मन्त्रालयले भनेको छ, "अनुकूल मूल्य अवस्थाको अवधिमा अतिरिक्त तेल र ग्याँस राजस्वको संचय, कम अनुकूल अवधिमा कमीहरू पूरा गर्न राष्ट्रिय सम्पत्ति कोषको प्रयोगको कारण ऊर्जा आयमा उतार-चढाव भएपनि बजेट प्रणालीको स्थिरता सुनिश्चित रहेको छ ।"

सन् २०२६देखि सन् २०२८ सम्मको अवधिको लागि तयार पारिएको बजेट कानून अनुसार रूसले सन् २०२६ को लागि तेल र ग्याँसबाट करिब एक खर्ब २० अर्ब १० करोड डलर र गैरइन्धन राजस्वबाट करिब चार खर्ब २२ अर्ब ४० करोड डलर आर्जन गर्ने अनुमान गरिएको छ ।

## लेबनानमा दश लाख भन्दा बढी विस्थापित : राष्ट्रसंघ



रासस/एएफपी । संयुक्त राष्ट्रसङ्घका महासचिवका लागि प्रवक्ता स्टेफन डुजारिकले लेबनानमा दश लाख भन्दा बढी मानिसहरु विस्थापित रहेको जनाउनु भएको छ । एक लाख २६ हजार मानिसहरूलाई देश भरका ६०० भन्दा बढी सामूहिक आश्रयमा राखिएको उल्लेख गर्दै उहाँले अधिकांश विस्थापितहरू अझै आश्रय बाहिर नै रहेको बताउनु भएको छ ।

पत्रकारहरुसँगको दैनिक साक्षतकारको क्रममा उहाँले मार्च -२ देखि संयुक्त राष्ट्र सङ्घले ११० वटा मानवीय समुह र मिसनहरूको सेवा प्रवाहलाई सहज बनाएको जनाउनु भएको छ । यद्यपि, सहायता वितरण अपरेसनहरूले विभिन्न अवरोध, असुरक्षा, आवागमन प्रतिबन्ध, नागरिक पूर्वाधारमा क्षति लगायतका समस्याको सामना गर्न बाध्य रहेको जनाइएको छ । लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बलका शान्तिरक्षकहरूले शंकास्पद गतिविधिहरू अपरेसनहरू, लगायत यस क्षेत्र भरि इजरायली सेनाहरूद्वारा सञ्चालित सैन्य गतिविधिहरूको निगरानी जारी राखेको जनाइएको छ ।

जारी हिंसाबाट शान्तिरक्षक र संयुक्त राष्ट्रसंघीय सुरक्षा स्थलहरू प्रत्यक्ष रूपमा प्रभावित भइरहेको उहाँले चेतावनी दिनु भएको छ । इजरायली सैन्य गतिविधिको कारण शुक्रबार एल बियाडाको युनिफिल क्षेत्रका तीन वटा भवनहरूमा संरचनात्मक क्षति पुगेको तथा नजिकैका क्षेत्रहरूमा आगलागी समेत भएको जनाइएको छ ।

डुजारिकले बुधबार बेरुतको दक्षिणी उपनगरमा भएको इजरायली आक्रमणकमा बालबालिका सहित नागरिकहरूको मृत्यु भएका रिपोर्टहरू उल्लेख गर्दै गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । अप्रिलमा घोषणा गरिएको युद्धविराम पछि पनि लेबनानको राजधानीलाई लक्षित गरी भएको यो पहिलो आक्रमण भएको उहाँले उल्लेख गर्नु भएको छ ।

## युक्रेनको चेर्नोबिल क्षेत्रमा विशाल डढेलो

रासस/एएफपी । चेर्नोबिल आणविक उर्जा केन्द्र वरपरको बहिष्करण क्षेत्रमा विशाल क्षेत्रमा डढेलो लागेको छ । डढेलोका कारण चेर्नोबिल आणविक प्लान्ट जोखिममा परेको छ ।



एक हजार १०० हेक्टर क्षेत्रमा फैलिएको वनमा लागेको डढेलो नियन्त्रणबाहिर रहेको युक्रेनी अधिकारीले बताएका छन् ।

"कडा हावा, सुख्खा मौसम र बारुदी सुरुङहरू रहेकोले उक्त क्षेत्रमा आगो निभाउने प्रयासमा उल्लेखनीय बाधा पुगेको र आगो द्रुत गतिमा फैलिरहेको छ," युक्रेनी राष्ट्रिय आपतकालीन सेवाले एक विज्ञप्ति जारी गरी जानकारी गराएको छ ।

आगो नियन्त्रणका लागि राज्यले आपतकालीन सेवाका एकाइ र अन्य निकायका कर्मचारीहरूलाई खटाएको छ ।

गृह मन्त्रालयका अनुसार स्थानीय समयअनुसार बिहान ११ बजेसम्म युक्रेनमा विकिरणको अवस्था भने स्थिर रहेको छ ।

# नेपाल 'ए' ले अमेरिकालाई हरायो

**टुडे समाचारदाता**

जनकपुरधाम । एक दिवसीय अभ्यास खेलमा नेपालले अमेरिकालाई ३ विकेटले हराएको छ । नेपाल 'ए' को यो लगातार दोस्रो जित हो । नेपालको जितमा मयन यादवको ब्याटिङ उत्कृष्ट रह्यो ।



जितको लागि नेपाललाई २ सय ६३ रनको चुनौती नेपालले ४९ ओभर १ बलमा ७ विकेटको क्षतिमा पूरा गऱ्यो । ओपनर त्रितराज दास २३ र अर्का ओपनर अनिल साह २७ रनमा आउट भए ।

२ विकेटको नोक्सानीमा नेपालले ६० रन बनाएको थियो। लगतै देव खनाल पनि १७ रनमा आउट भए । सन्दीप जोरा र मयन यादवले चौथो विकेटका लागि ४४ रनको साझेदारी गरे। सन्दीप ३६ रनमा आउट पबिलियन फर्किए ।

यसपछि मयन र कुशल मल्लले पाँचौं विकेटको लागि ९५ रनको साझेदारी गर्दा नेपाल बलियो स्थितिमा थियो । कुशल ३३ रनमा आउट भए ।

४४ औं ओभरको पहिलो बलमा ५ विकेट गुमाउँदा नेपालले २ सय १९ रन बनाएको थियो। लगतै क्रिजमा जमेका मयन पनि आउट भए । अर्धशतकीय पारी खेलेका उनी ७२ रन जोडेर आउट भए । उनले ८० बल खेल्दै ४ चौका र २ छक्का प्रहार गरे ।

बसिर अहमद र पवन सराफले नेपाललाई जिततर्फ डोऱ्याए । बसिर १८ रनमा आउट हुँदा पवन सराफ अविजित २४ रनमा रहे। बलिङमा मिलिन्द कुमारले २ विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ६२ रन बनायो। ओपनर स्मित पटेल बाहेक अन्य खेलाडी क्रिजना टिक्न सकेनन् ।

अर्का ओपनर सतान जहाङ्गीर ९ रनमा र मोनाक पटेल २० रनमा आउट भए । उनीहरू आउट हुँदा टिमले ८३ रन बनाएको थियो ।

यसपछि सैतेजा रेडि १० रनमा, मिलिन्द कुमार ७ रनमा आउट भए। स्मितले भने ९५ बल खेल्दै शतक बनाए। १ सय ८ बल खेल्दै १० चौक र ५ छक्का सहित १ सय १६ रनको उत्कृष्ट पारी खेले। स्मितले बाउन्ड्रीबाट ७० रन जोड । उनी पवन सराफको बलमा सहाब अलामको बलमा क्याच आउट भए ।

जसदीप सिंह अविजित ३३ रनमा र हर्मित सिंह अविजित २५ रनमा रहे भने शुभम रान्जनेले १६ रन र सञ्जय कृष्णमुर्तीले १५ रन बनाए ।

बलिङमा पवन सराफले २ विकेट लिंद विपिन खत्री, साहब अलाम, बसिर अहमद, शेर मल्ल, रसिद खान र नारायण जोशीले १/१ विकेट लिए ।

बिहीबार नेपाल 'ए' ले ओमानलाई ४५ रनले हराएको थियो । शनिबार स्कटल्यान्डसँग खेल्ने भएको छ ।

# अल नासरको जित, रोनाल्डोको कीर्तिमान

**टुडे समाचारदाता**

एजेन्सी । जोआओ फेलिक्सको ह्याट्रिकको मद्दतले अल नासरले साउदी प्रो लिगको उपाधितर्फ अर्को महत्वपूर्ण कदम अघि बढाएको छ ।

अल शबाबलाई ४-२ ले पराजित गर्दै अल नासर शीर्ष स्थानमा रहेको अल हिलालभन्दा ५ अंकले अघि छ ।



खेलमा क्रिस्टियानो रोनाल्डोले पनि गोल गरे । तर अल शबाबको पुनरागमन प्रयासलाई रोक्दै अल नासरले महत्वपूर्ण जित हात पारेको हो ।

खेल सुरु भएको तेस्रो मिनेटमै अल नासरले अग्रता लियो। साडियो मानेको क्रसलाई अल शबाबका डिफेन्डरले राम्रोसँग क्लियर गर्न नसक्दा फेलिक्सले शक्तिशाली भली मार्फत गोल गरे। त्यसको ७ मिनेटपछि नै उनले दोस्रो गोल थपे । अब्दुर्रहमान घारिबको क्रसमा हेडरमार्फत गोल गर्न सफल भए ।

तर ३०औं मिनेटमा अब्दुल्लाह अल खैबारीले गल्ती गर्दा अल शबाब खेलमा फर्कियो। उनले बलमा नियन्त्रण गुमाएपछि यानिक कारास्कोले अवसर पाउँदै डिबक्सभित्र प्रवेश गरी गोलकिपर बेन्टोलाई बिट गर्दै गोल गरे ।

पहिलो हाफको अन्त्यतिर कारास्कोको हेडर बारमा लागेर फर्कियो भने दोस्रो हाफमा अली अल अजाइजेको लो सट पोस्टमा लागेर बाहिरियो ।

७५औं मिनेटमा रोनाल्डोले अल नासरको अग्रता फेरि दुई गोलको बनाए। उनले पहिलो टचमै आएको पासलाई गोलमा परिणत गरे ।

तर अल शबाबले ५ मिनेटमै जवाफ फर्कायो । हम्माम अल हम्मामीको पासमा अली अल बुलायही अनमार्क रहँदै गोल गर्न सफल भए ।

इन्जुरी समयको चौथो मिनेटमा अल शबाबका गोलकिपर मार्केलो ग्रोहेले बल पंच गर्ने क्रममा अब्दुल्लाह अल हम्दानलाई फाउल गरेपछि पेनाल्टी दिइयो । उक्त पेनाल्टी फेलिक्सले आत्मविश्वासका साथ गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गरे ।

रोनाल्डोको विशेष कीर्तिमान

जोआओ फेलिक्सले ह्याट्रिकसहित म्यान अफ द म्याच प्रदर्शन गरे पनि रोनाल्डोले पनि उत्कृष्ट फर्म जारी राखे ।


उनले यस सिजन साउदी प्रो लिगमा खेलेका सबै १७ टोलीविरुद्ध गोल गर्दै ऐतिहासिक उपलब्धि हासिल गरेका छन्। यो उपलब्धि गर्ने उनी पहिलो खेलाडी बनेका छन् ।

अल शबाबविरुद्ध उनले हालसम्म लिगमा सबैभन्दा धेरै ७ गोल गरेका छन् । समग्र प्रतियोगितामा भने उनले यस क्लबविरुद्ध ९ खेलमा ८ गोल र १ असिस्ट गरेका छन् । योसँगै रोनाल्डोको साउदी प्रो लिगमा १ सय गोल पूरा भएको छ ।

# क्रिस्टल प्यालेस र रायो भालेसानो कन्फ्रेन्स लिगको फाइनलमा

**टुडे समाचारदाता**

एजेन्सी । क्रिस्टल प्यालेस र रायो भालेसानो कन्फ्रेन्स लिगको फाइनलमा पुगेको छन् ।



सेमिफाइनलको दोस्रो लेगमा क्रिस्टल प्यालेसले शख्तर डोनेत्स्कलाई २-१ ले हराउँदै समग्रमा ५-२ को जित निकाल्यो ।

पहिलो हाफमा दुवै टोलीले आक्रामक खेल खेले। खेलको १० औं मिनेटमा जेरेमी पिनोले गरेको गोल अफसाइडका कारण मान्य भएन। त्यसपछि २५औं मिनेटमा डानियल मुनोजको क्रसलाई रोक्ने क्रममा पेद्रो हेनरिकले आत्मघाती गोल गरेपछि क्रिस्टल प्यालेसले अग्रता लियो ।

तर ३४औं मिनेटमा एगुइनाल्डोले शानदार गोल गर्दै शख्तर डोनेत्स्कलाई खेलमा फर्काए र पहिलो हाफ १-१ को बराबरीमा सकियो ।

दोस्रो हाफ सुरु भएको केही मिनेटमै क्रिस्टल प्यालेसले फेरि अग्रता बनायो। टाइरिक मिचेलको क्रसमा इस्माइला सारले गोल गर्दै टोलीलाई २-१ को अवस्थामा पुऱ्याए । त्यसपछि थप गोल नभएपछि क्रिस्टल प्यालेसले खेल २-१ ले जित्यो ।

सेमिफाइनलको दोस्रो लेगमा रायो भालेसानोले स्ट्रासबर्गलाई १-० ले हराउँदै समग्रमा २-० को जित निकाल्यो ।

खेलको एक मात्र गोल पहिलो हाफमा आलेमाओले गरे । उनले फ्लोरियन लेज्युनको प्रहार गोलकिपरले बचाएपछि फर्किएको बललाई छिटो प्रतिक्रिया दिँदै नजिकबाट गोल गरे ।

स्ट्रासबर्गले पनि बराबरी गोल गर्ने अवसर पाएको थियो। तर टोलीले बनाएका अवसरलाई गोलमा परिणत गर्न सकेन । खेलको अन्तिम समयमा स्ट्रासबर्गले पेनाल्टीको अवसर पाए पनि जुलियो एन्सिसोको प्रहार गोलकिपर अगस्तो बतायाले शानदार रूपमा बचाए ।

# अनुमतिविना यार्सागुम्बा सङ्कलन गर्न गएका २५ जना नियन्त्रणमा



मुगु । अनुमतिविना यार्सागुम्बा सङ्कलनका लागि गएका २५ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मुगुका विभिन्न पाटनमा यार्सागुम्बा सङ्कलन गर्न गएका एक बालिकासहित २५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिनुभयो ।

"अनुमतिविना पाटन वन क्षेत्रमा प्रवेश गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएका छौँ, उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको छ", उहाँले भन्नुभयो ।

मुगुम कार्मारोङ गाउँपालिकाले यार्सागुम्बा सङ्कलनसम्बन्धी सूचना प्रकाशित गरेको छैन । यार्सागुम्बा सङ्कलनको समय नजिकिँदै गर्दा मुगुका यार्सापाटनमा सुरक्षा बढाइएको छ ।

मुगुका दुई दर्जनभन्दा बढी वन तथा पाटनमा पाइने बहुमुल्य, बहुउपयोगी जडीबुटी यार्सागुम्बा सङ्कलनका लागि हुम्ला, जुम्ला, बाजुरा, दैलेख, कालीकोट, अछामसहित मुलुकभर र भारतबाट सङ्कलनकर्ता र खरिदकर्ता पाटन पुग्ने गरेका छन् ।

यार्सागुम्बा दुर्गमका जनताको प्रमुख आर्थिक स्रोतका रुपमा रहेको छ । यहाँ जनता आफ्नो वर्षभरिको पारिवारिक खर्च यार्सागुम्बा बिक्रीबाटै जुटाउने गर्दछन् । रासस

# खोटाङमा 'हनी हन्टिङ' महोत्सव



खोटाङ । खोटाङको केपिलासगढी गाउँपालिकामा आगामी जेठ पहिलो साता 'हनी हन्टिङ' महोत्सव आयोजना हुने भएको छ । लोपोन्मुख अवस्थामा पुगेका भीर मौरीलाई संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा गाउँपालिकाले जेठ ८ गते फेदीमा महोत्सव आयोजना गर्न लागेको हो ।

नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने 'मुन्दुम ट्रेल'सँग जोडिएको फेदीमा आयोजना हुने महोत्सवले भीर मौरीलाई संरक्षण तथा पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको गाउँपालिका प्रमुख समीर राईले बताउनुभयो ।

"गाउँपालिकाका धेरै भीरमा मौरी पाइन्छन्, लोपोन्मुख अवस्थामा रहेको भीर मौरीलाई संरक्षण गर्दै पर्यटनसँग जोड्न यस वर्ष प्रदेश सरकारसँगको समन्वयमा 'हनी हन्टिङ' महोत्सव आयोजना गरिएको छ", उहाँले भन्नुभयो, "महोत्सवमा स्थानीय समुदायले उपभोग गर्दै आएका रैथाने खाना प्रयोग गरिन्छ । फेदीको तेरावा क्षेत्रमा आयोजना गरिएको महोत्सवमा जैविक विविधतासँग सम्बन्धित विभिन्न क्षेत्रका व्यक्तित्वका साथै आन्तरिक तथा पर्यटकको सहभागिता रहनेछ ।"

जिल्लाको उत्तरी क्षेत्रका पर्ने उक्त केपिलासगढी गाउँपालिका-१ फेदीका सामुदायिक वन क्षेत्रमा रहेको एक दर्जनभन्दा बढी भीरहरूमा वर्षौंदेखि भीर मौरी बस्ने गरेको पाइएको छ । स्थानीय फुङ्गालुङ सामुदायिक वनको रिप्दौलाको कुहिरे छाँगाभीर, चिलिम लाहुरे सामुदायिक वनको माखाम्लास्थित महभीर झरना, तेरावास्थित तेरावाभीर लगायतका भीर हरुमा वर्षौं अघिदेखि भीर मौरी बस्दै आएको तेरावाका स्थानीय लक्ष्मण साम्पाङले बताउनुभयो ।

फेदीका स्थानीयले उँभौलीको समयमा जेठ-असार तथा उँधौलीको समयमा कातिक-मङ्सिर महिना गरी वर्षमा दुईपटक भीर मौरीको मह सिकार गर्ने गर्दै आएका छन् । एक याममा एउटै भीरबाट कम्तीमा पनि रु पाँच लाखदेखि रु सात लाखसम्मको मह सिकार हुने गरेको स्थानीय मह सिकारीहरुले बताएका छन् । फेदीमा पुस्तौँदेखि किरात संस्कारका रुपमा भीर मौरीको मह सिकार गर्दै आइएको स्थानीय मह सिकारी हस्तराम राईले बताउनुभएको छ । "मैले विसं २०३५ देखि यो पेसा सुरु गरेको हुँ, अहिले युवा पुस्ता यसमा आकर्षित भएका छन्", उहाँले भन्नुभयो, "उनीहरुलाई हामीले नै सिकायौँ । युवा पुस्ता पेसेवर बन्दा आफूहरुलाई खुसी लागेको छ ।"

मालिङ्गाको चोया प्रयोग गरेर बाटिएको डोरीबाट बनेको पच्याङ, गादा (सेफ्टी), सुता, छपनी र डालो, मालिङ्गोकै दाबिलो, तसुरोलगायतका सामग्रीको सहयोगमा परम्परागतरुपमा भीर मौरीको मह सिकार गरिन्छ । पच्याङको माध्यमबाट चढ्ने, सुताको माध्यमबाट डालो, तसुरो र दाबिलो प्रयोग गरेर मह निकल्ने गरिन्छ ।

स्थानीय भाषामा भीरमा गएर मह निकाल्नेलाई पच्याङ्गे भनिन्छ भने सुताको माध्यमबाट पच्याङ, दाबिलो, जोतारो, डालोजस्ता सामग्री मह निकाल्ने पच्याङेसम्म पुऱ्याउनेलाई सुतारे भनिन्छ । पच्याङ्गेले भीरबाट निकालेको मह छान्ने, भाँडामा खन्याउने, धूवाँ लगाउनेलगायत अन्य व्यक्तिलाई सहयोगी भनिन्छ ।

भीर मौरीको मह सिकार गर्ने दिन फेदीस्थित तेरावा, माखाम्ला, पिपिङलगायतका क्षेत्रमा बसोवास गर्दै आएका स्थानीय बासिन्दा आ-आफ्नो घरबाट जाँड, रक्सी, खाजालगायत लिएर उत्सवको रुपमा रमाइलो गर्न भेला हुने गरेका छन् । फेदीमा उत्पादित भीर मौरीको मह जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार, धरान, विराटनगर, काठमाडौँका साथै बेलायत, हङकङ, सिङ्गापुरलगायतका देशहरुमा निर्यात हुने गरेको छ ।

फेदीका किरात राई (साम्पाङ) समुदायले भीर मौरीको मह सिकार गर्ने प्रचलनलाई आफ्नो परम्परागत संस्कारसँगसमेत जोड्ने गरेका छन् । उनीहरुले भीरमा गएर गरेको महको सिकार घरमा ल्याएर आफ्नो तीन चुल्हा अर्थात पितृ (दिबङ्गत भएका व्यक्ति)लाई चढाएपछि मात्र प्रसादको रुपमा ग्रहण गर्ने गरेका छन् । भीर मौरीले जडीबुटीजन्य फूलहरूबाट मह बनाउने भएकाले भीर मौरीको महलाई औषधीय गुण भएको मह मानिन्छ । रासस

# सुनचाँदीको मूल्य बढ्यो

काठमाण्डु । बिहीबारको तुलनामा स्थानीय बजारमा शुक्रबार पनि सुनचाँदीको भाउ बढेको छ । सुन तोलामा रु एक हजार ३०० र चाँदी रु १२० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९९ हजार ९०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु पाँच हजार २७५ कायम भएको छ ।

हिजो बिहीबार छापावाल सुन प्रतितोला रु दुई लाख ९८ हजार ६०० र त्यति नै परिमाणको सेतो धातु रु पाँच हजार १५५ मा कारोबार भएको थियो । गत बुधबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९६ हजार ८०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार ५० मा खरिदबिक्री भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७१५ र त्यति नै परिमाणको चाँदी ७९ अमेरिकी डलरमा कारोबार भइरहेको छ । रासस

# उद्योगपति पाण्डेद्वारा महायज्ञमा रु ५४ लाख बढी दान



कास्की । पोखराका उद्योगपति तथा समाजसेवी हरि पाण्डे तथा उहाँका धर्मपत्नी तुलसा पाण्डेले वैवाहिक जीवनको ५९औँ वर्षगाँठका अवसरमा बिहीबार पोखराको मानव सेवा आश्रमका लागि रु ५४ लाख ४४ हजार ४४२ सहयोग गर्नुभएको छ ।

पोखरा महानगरपालिका-८ सृजनाचोकनिवासी पाण्डे दम्पतीले आफ्नो वैवाहिक वर्षगाँठलाई मानवसेवा र धर्मकार्यमा समर्पित गर्दै मानवसेवा आश्रमद्वारा यहाँ जारी श्रीमद् भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञ २०८३ मा सो सहयोग गर्नुभएको महायज्ञ मूल आयोजक समितिका संयोजक अनिलकुमार शाहीले जानकारी दिनुभयो ।

मानवसेवा आश्रम पोखरा-हेम्जाको भवन निर्माण सम्पन्नता, लक्ष्मीनारायण मन्दिर निर्माण सम्पन्नता, मुक्तिनाथ सेवा धर्मशाला निर्माण तथा अक्षयकोष श्रीवृद्धिको महान उद्देश्यसहित यही वैशाख १९ गतेदेखि महायज्ञ आयोजना गरिएको हो । महायज्ञमा पाण्डे दम्पतीले आजीवन वार्षिक भोजनसेवा ग्रहण गर्दै १८ दिनको वार्षिक भोजन सेवा सदस्यताका लागि रु १८ लाख ८८ हजार ८८७ सहयोग गर्नुभएको हो । यसैगरी मुक्तिनाथ सेवा धर्मशाला निर्माणअन्तर्गत पाँच कोठा निर्माणका लागि रु ३५ लाख ५५ हजार ५५५ सहयोग गर्नुभएको गर्नुभएको यज्ञ मूल आयोजक समितिले जनाएको छ ।

"वैवाहिक वर्षगाँठजस्तो विशेष अवसरलाई व्यक्तिगत उत्सवमा सीमित नराखी मानवताको सेवामा समर्पित गर्दै गरिएको सहयोगलाई महायज्ञकै प्रेरणादायी योगदानका रूपमा लिएका छौँ । पाण्डे दम्पतीको उदार सहयोगले आश्रमको सेवा विस्तार, पूर्वाधार विकास तथा दिगो मानवीय सेवामा महत्त्वपूर्ण टेवा पुगेको छ", मूल आयोजक समितिका संयोजक शाहीले भन्नुभयो ।

पाण्डे दम्पतीले यसअघि पनि २०७९ साल माघ २० गतेदेखि २७ गतेसम्म सम्पन्न श्रीमद् भागवत ज्ञानविज्ञान महायज्ञमार्फत भवन निर्माण सम्पन्नताका लागि रु ३० लाख ६६ हजार ६६६ सहयोग प्रदान गर्नुभएको थियो । मानव सेवा आश्रमले पाण्डे दम्पतीको योगदान समाजका लागि प्रेरणाको स्रोत बन्दै समाजमा सकारात्मक सन्देश प्रवाह गरेको जनाएको छ ।

आश्रमका अनुसार महायज्ञमार्फत करिब रु चार करोड सङ्कलन गर्ने लक्ष्य राखिएको छ । सङ्कलित रकम पोखरा शाखाको निर्माणाधीन भवन सम्पन्न गर्न, लक्ष्मीनारायण मन्दिर तथा मुक्तिनाथ धर्मशाला निर्माण र अक्षयकोष वृद्धि गर्न खर्च गरिने आश्रमका अध्यक्ष रामजी अधिकारीले बताउनुभयो । उहाँका अनुसार करिब रु १२ करोड लागत अनुमान गरिएको भवन निर्माण हालसम्म ६० प्रतिशत सकिएको छ ।

आश्रमले विगत १३ वर्षदेखि बेसहारा, अशक्त, अभिभावकविहीन बालबालिका तथा सडकआश्रित मानवको उद्धार, उपचार, संरक्षण र पुनःस्थापनाको काम गर्दै आएको छ । हाल देशका २३ जिल्लामा ३४ सेवा केन्द्रमार्फत करिब दुई हजार २०० जनालाई सेवा प्रदान गरेको छ । पोखराका दुई केन्द्रमा मात्र करिब ३०० आश्रित रहेका छन् । रासस

# एक लाख ३६ हजार पशुलाई खोप



गलकोट । बागलुङका ६ स्थानीय तहका एक लाख ३६ हजार ७८१ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङले कृषकका घर तथा खर्क र चरनक्षेत्रमै पुगेर पशुलाई खोप लगाएको हो ।

ढोरपाटन र गलकोट नगरपालिका, निसीखोला, तमानखोला, बडिगाड र ताराखोला गाउँपालिकाका गाई, भैँसी, बाख्रा, भेडा, बङ्गुर र कुकुरलाई विभिन्न रोगको खोप लगाइएको हो । छ स्थानीय तहका कुकुरलाई समेत खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । उहाँका अनुसार १७ हजार ३६५ गाई, २७ हजार ५२ भैँसी र ८३० बङ्गुरलाई खोरेतविरुद्धको खोप लगाइएको छ ।

खोरेत रोगका कारण पशुको मुखभित्र, खुट्टा र स्तनमा फोका आउने तथा दूध उत्पादन घट्दा कृषकलानी हानी भएको छ । आर्थिक क्षतिको रोकथाम गर्दै पशुको रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने तथा दूध, मासु र प्रजनन क्षमतामा समेत वृद्धि गराउने उद्देश्यका साथ अभियान सञ्चालन गरिएको प्रमुख डा सापकोटाले बताउनुभयो ।

खोप लगाउँदा पशुको शरीरमा एन्टिबडी बन्ने भएकाले खोरेत भाइरसविरुद्ध प्रतिरोध हुने, विभिन्न जोखिम कम गर्ने, किसानलाई नोक्सानीबाट बचाउने र उत्पादनमा समेत वृद्धि हुने उहाँको भनाइ छ । त्यसैगरी, ६९ हजार ४८४ बाख्रा र १३ हजार ३७९ भेडालाई पिपिआर खोप लगाइएको प्रमुख डा सापकोटाले बताउनुभयो ।

घातक रोगबाट बचाएर पशुपालनमा हुनसक्ने आर्थिक नोक्सानीलाई रोक्न ढोरपाटन र निसीखोलाका चरन क्षेत्रमै पुगेर खोप लगाइएको छ । खोप लगाएपछि भेडाबाख्रामा उच्च ज्वरो, आँखा र नाकबाट पानी झर्ने, मुखभित्र घाउ र दादुरा, खाना खान नसक्ने, पखाला र निमोनिया तथा विभिन्न कारणले हुनसक्ने मृत्युको दरसमेत घट्ने प्रमुख डा सापकोटाले बताउनुभयो ।

पश्चिम बागलुङका घरपालुवा र सामुदायिक गरेर सात हजार ७७४ कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको छ । रेविजविरुद्धको खोप कुकुरलाई लगाएपनि यसबाट मानिसलाई समेत घातक रोगबाट बचाउने उद्देश्यका साथ खोप लगाइँदै आएको छ । कुकुरलाई लगाइने यो खोपले कुकुरको रेविज रोक्ने, मानिस र समाजलाई समेत सुरक्षित राख्न मद्दत गर्दछ ।

त्यसैगरी ८९७ बङ्गुरलाई अत्यन्तै सङ्क्रामक रोग नियन्त्रणका लागि लगाइने सिएसएफ खोप लगाइएको छ । चौबीस महिला र २५ पुरुष खोपकर्ता खटाएर कृषकका घरदैलोमै पुगेर खोप अभियान सम्पन्न गरिएको प्रमुख डा सापकोटाले बताउनुभयो । पहिलो चरणको अभियानमा पश्चिम बागलुङका ६ स्थानीय तहमा खोप अभियान सम्पन्न गरेर दोस्रो चरणको अभियान बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा यही वैशाख १ गतेदेखि सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । वैशाख मसान्तसम्ममा अभियान सञ्चालन भइरहेका बाँकी चार स्थानीय तहका सबै पशुलाई खोप लगाइने छ । सो कार्यका लागि ३५ प्राविधिक वडा-वडामा खटिएका छन् । रासस

# एघार प्रकारका औषधि उत्पादन गर्दै आयुर्वेद केन्द्र




चितवन । आयुर्वेद औषधि उत्पादन केन्द्र रत्ननगरले ११ प्रकारका औषधि उत्पादन गर्दै आएको छ । केन्द्रले गत आर्थिक वर्षमा नौ प्रकारका औषधि उत्पादन गर्दै आएकामा यस वर्ष थप दुई प्रकारका औषधि उत्पादन गरेको हो ।

औषधि व्यवस्था विभागबाट २० प्रकारका औषधि उत्पादन गर्ने अनुमति प्राप्त गरेको भए पनि अहिले ११ वटा मात्रै उत्पादन गर्दै आएको केन्द्रका प्रमुख डा सुरेश महर्जनले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले उत्पादन हुँदै आएकामा चूर्ण (धुलो) औषधि हुन् । केन्द्रले अब ट्याब्लेटमा औषधि उत्पादन गर्दैछ । पहिलो पटक नौ प्रकारका ट्याब्लेट औषधि उत्पादनका लागि अनुमति लिएर काम सुरु गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो पटक हामी ट्याब्लेट औषधि उत्पादन गर्ने प्रक्रियामा रहेका छौँ ।"

केन्द्रले अहिले अश्वगन्धा चूर्ण ५० ग्राम र १०० ग्राम, अविपतिकर चूर्ण ५० ग्रम, महासुदर्शन चूर्ण ५० ग्राम, निमबादी चूर्ण ५० ग्राम, पुस्यानुग चूर्ण ५० ग्राम, त्रिफला चूर्ण ५० ग्राम, सीतोपलादी चूर्ण ५० ग्राम, आमलकी चूर्ण १०० ग्राम, बिल्वादी चूर्ण ५० ग्राम, हिङ्गबास्टक चूर्ण ५० ग्राम रहेका छन् ।

यस्तै, खदिरादी वटी, सर्पगन्धाघन वटी, गन्धक रसायन, चन्द्रप्रभा वटी, मटाशङ्ख वटी, रजप्रवर्तिनी वटी, योगराज गुग्गुलु, महायोगराज गुग्गुलु, कैशोर गुग्गुलु ट्याब्लेट उत्पादनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो ।

बागमती प्रदेश सरकारको अनुमति र सङ्घीय सरकारको मापदण्डमा रहेर औषधि उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो । अहिले केन्द्रले २३ औषधि उत्पादनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ । उहाँका अनुसार केन्द्रले प्रदेश सरकारबाट ११९ औषधि उत्पादनका अनुमति पाइसकेको छ ।

सरकारले प्राथमिकतामा राखेका २३ औषधि उत्पादन गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो । सरकारले अत्यावश्यकभित्र राखेका औषधि उत्पादन गरेर निःशुल्क उपलब्ध गराउने तयारी गरेको छ ।

सरकारले जारी गरेको कुशल औषधि उत्पादन अभ्यास निर्देशिका २०८२ अनुसार औषधि उत्पादन र सिफारिस गरिएको उहाँले बताउनुभयो । बागमती प्रदेशभित्र रहेका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधि पुऱ्याउने गरी काम गरिएको उहाँले जानकारी दिनुभयो । रासस

# बचत तथा ऋणको कारोबार गर्न एघार हजार ६०० सहकारी दर्ताको प्रक्रियामा

काठमाण्डु । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा एघार हजार ६०० सहकारी दर्ताको प्रक्रियामा रहेका छन् । प्राधिकरणले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यले देशभर रहेका बचत तथा ऋणलाई मुख्य कारोबारका रूपमा सञ्चालन गर्ने सहकारी संस्थालाई दर्ताको प्रक्रियामा ल्याउन लागेको हो । प्राधिकरणका अध्यक्ष डा खगराज शर्माका अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका सहकारीको अभिलेखीकरण सुरु गरिएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने देशभरका सम्पूर्ण सहकारीले प्राधिकरणमा दर्ता भएर इजाजत प्राप्त गरेपछि मात्र कारोबार सञ्चालन गर्न पाउने व्यवस्था गरिएको हो ।




दर्ताका लागि अनलाइन आवेदन दिएका ती सहकारी संस्थामध्ये करिब तीन हजार सहकारीलाई इजाजतपत्र प्रदान गरेको प्राधिकरणले बाँकी आठ हजारको इजाजत 'भेरिफाइ' विवरण रुजु गर्ने तथा अपुग भएका कागजात अध्ययन गर्ने क्रममा रहेका छन् ।

सहकारीमा नियमन, अनुगमन र सुपरीवेक्षणको अभावमा निक्षेपकर्ताको रकम जोखिममा पर्ने क्रम बढेपछि सरकारले एक वर्ष अगाडि प्राधिकरणको गठन गरिएको प्राधिकरणका कार्यकारी निर्देशक केशवराज भट्टराईले जानकारी दिनुभयो । इजाजत लिन प्राधिकरणमा विवरण पेस गरेका तर कागजात नपुग भएका तीन हजार ६४६ सहकारी छन् ।

सहकारी संस्थाको नियमनलाई प्रभावकारी बनाउनका लागि प्राधिकरणले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँग सहकार्यका लागि समझदारीसमेत गरेको छ । उक्त संस्थाले सहकारीको कारोबार तथा वित्तीय अवस्थाको परीक्षणमा सहयोग गर्ने जनाइएको छ । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

### हकभोग तथा हकदार सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सुचना

यसमा जिल्ला धनुषा गा.वि.स. नौवाखोर प्रसाही वडा नं. ७ हाल हंसपुर न.पा. वडा नं. ७ मा बस्ने रघुनन्दनको छोरा निरसुलाल राउतको आफ्नो कालगतिले मिति २०३४ साल अगावै मृत्यु भै निजको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको हकखाने निजू ज.ध.को श्रीमती मलभोगिया देवीको पनि मिति २०३४ साल अगावै आफ्नो कालगतीले मृत्यु भै हकखाने तिन छोराको जाय जन्म भएकोमा जेठा छोरा रामअवतार यादव माइला छोरा गेनमा यादव र कान्छा छोरा रामलाल यादव समेत जना ३ तिन रहेकोमा जेठा छोरा राम औतार यादवको मिति २०६५/६/१ गते आफ्नो कालगतीले मृत्यु भै हकखाने पत्नी सिता यादवनीको पनि मिति २०७६/११/६ गते आफ्नो कालगतिले मृत्यु भै निज दम्पत्तिबाट छोरा छोरीको जाय जन्म नभई निज निसंन्तान रहेको र ज.ध.को माइला छोरा गेनमा यादव रहेकोमा निजको पनि मिति २०५९/८/१० गते आफ्नो कालगतिले मृत्यु भै हकखाने पत्नी सर्वदा देवी-१ र ज.ध.को कान्छा छोरा रामलाल यादव रहेकोमा निजको पनि मिति २०६७/११/१२ गते आफ्नै कालगतिले अविवाहित अवस्थामा नै मृत्यु भै जग्गा धनी निरसुलाल राउतको नाम अन्य कागजातहरुमा निरसु राउत ग्वार, निरसु यादव भएको सो व्यक्ति अलग अलग भएको एकै व्यक्ति हो होइन सो समेत सम्बन्धमा र जग्गा धनी निरसु राउत ग्वारको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा म निरसु राउत ग्वारको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकखाने सवभन्दा नजिकको हकदार छोराबुहारी नाता पर्ने सर्वदा देवीको नाममा एकलौटी नामसारी गरी पाउँ भनि माँग निवेदन र सोही अनुसारको हंसपुर न.पा.७ नं. वडाको कार्यालय धनुषाको च.नं.५७९ मिति २०८२/१०/२८ गतेको वडा मुचुल्का सहितको किटानी सिफारिस भै आएको ।

यसमा निरसु राउत ग्वारको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकभोग तथा हकदार यि निवेदक वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा यि निवेदकको नाममा एकलौटी नामसारी हुनु नपर्ने कुनै कारण भए यो सुचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला म्याद भित्र दाबी उजुरी नपरी म्याद समाप्त भए पछि कानुन बमोजिम भै जाने व्यहोरा सबैमा यसै सुचना द्वारा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | गा.पा /न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|
| धनुषा | नौवाखोर प्रसाही | ५क | ११५ | ०-४-६-० | निरसु राउत ग्वार |

# सागरनाथको २०० हेक्टर जग्गाको विवाद

**१० वर्षे सशस्त्र माओवादी युद्ध, मधेश आन्दोलन तथा विभिन्न भूमिगत गतिविधिका क्रममा सुरक्षाकर्मी र वन कर्मचारीको उपस्थिति कमजोर बन्दा वन क्षेत्र अतिक्रमण तीव्र भएको स्थानीयको भनाइ छ । त्यसपछि खाली भएको जमिनमा सयौं परिवारले घर बनाएर बसोबास गर्न थालेका थिए भने धेरैले खेतीपाती समेत गर्दै आएका छन् ।**

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका यतिबेला भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासिन्दाको आन्दोलनमा उत्रेका छन् । सागरनाथ वन विकास परियोजनाले अतिक्रमित जग्गा खाली गर्न १५ दिने चेतावनीसहित सूचना जारी गरेपछि सयौं स्थानीय आन्दोलनमा उत्रेका हुन् ।




नगरपालिकाका विभिन्न वडाबाट महिला-पुरुषहरू हातहातमा तुल, ब्यानर र प्लेकार्ड बोकेर बिहीवार नगरपालिका कार्यालयअघि पुगेका थिए। प्रदर्शनका क्रममा उनीहरूले “डोजर आतंक बन्द गर”, “लालपुर्जा देऊ”, “सुकुम्वासीमाथि अन्याय बन्द गर” जस्ता नारा लगाएका थिए। आन्दोलनपछि नगरपालिका परिसरमा आयोजित कोणसभामा विभिन्न राजनीतिक दलका स्थानीय नेताहरूले समेत समर्थन जनाएका थिए ।

नेपाली कांग्रेसका नेता ज्ञानेन्द्र यादव, रास्वपाका प्रदीप पटेल, लालबाबु पटेल तथा पूर्व उपमेयर कान्ती महतो ले तीन दशकदेखि बसोबास गर्दै आएका विपन्न परिवारलाई हटाउने प्रयास स्वीकार्य नहुने चेतावनी दिएका थिए। वक्ताहरूले “जनताको मतबाट बनेको बालेन साह नेतृत्वको सरकारले जनतामाथि नै डोजर चलाए त्यसको प्रतिवाद हुन्छ” भन्दै आन्दोलनलाई अझ सशक्त बनाउने संकेत गरेका थिए ।

कोणसभा पछि आन्दोलनकारीहरूले कार्यवाहक मेयर अम्बेया खातुन लाई ज्ञापनपत्र बुझाएका थिए। ज्ञापनपत्र बुझ्दै मेयरका श्रीमान महमद सेराज ले कानुनी दायराभित्र रहेर सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

ज्ञापनपत्रमा वडा नं. १ देखि ११ सम्मका एलानी तथा सार्वजनिक जग्गामा दशकौंदेखि बसोबास गर्दै आएका नागरिकलाई व्यवस्थापन नगरी हटाउने प्रयास संविधानविपरीत रहेको उल्लेख गरिएको छ ।

साथै भूमि समस्या समाधान आयोगमार्फत २०८०/०५/२९ मा संकलन गरिएको आवेदन, अनलाइन इन्ट्री तथा अभिलेखीकरणको काम पूरा भइसकेकाले अब नापजाँच प्रक्रिया अघि बढाएर लालपुर्जा वितरण गर्न माग गरिएको छ । आन्दोलनकारीहरूले माग सम्बोधनमा ढिलाइ भए चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

फतुवा विजयपुर नगरपालिका वडा नं. ११ मा रहेको सागरनाथ वन परियोजनाको करिब २०० हेक्टर क्षेत्रफल यतिबेला विवादको केन्द्रमा छ। स्थानीयका अनुसार तीन दशकअघि सम्म हराभरा वन रहेको उक्त क्षेत्र देशमा भएका विभिन्न आन्दोलनको प्रभावले क्रमशः फँडानी हुँदै गएको थियो ।

१० वर्षे सशस्त्र माओवादी युद्ध, मधेश आन्दोलन तथा विभिन्न भूमिगत गतिविधिका क्रममा सुरक्षाकर्मी र वन कर्मचारीको उपस्थिति कमजोर बन्दा वन क्षेत्र अतिक्रमण तीव्र भएको स्थानीयको भनाइ छ। त्यसपछि खाली भएको जमिनमा सयौं परिवारले घर बनाएर बसोबास गर्न थालेका थिए भने धेरैले खेतीपाती समेत गर्दै आएका छन् ।

उक्त क्षेत्रमा अहिले “सहिद चौक” नामको बजार समेत विकसित भइसकेको छ । त्यहाँ दर्जनौं पक्की घर निर्माण भएका छन् । स्थानीयका अनुसार वनकै जग्गा अहिले प्रतिकठ्ठा १५ देखि २० लाख रुपैयाँसम्म किनबेच भइरहेको छ भने खेतीयोग्य जमिन २ देखि ३ लाख रुपैयाँ प्रतिकठ्ठामा कारोबार भइरहेको छ।

### पुरानो विवाद

सागरनाथ वन विकास परियोजना, सर्लाहीले गत वैशाख १४ गते सूचना जारी गर्दै रौतहटको फतुवा विजयपुर-११ स्थित २०० हेक्टर तथा चन्द्रपुर-२ जुडिबेला क्षेत्रको ५२ हेक्टर वन जग्गा १५ दिनभित्र खाली गर्न निर्देशन दिएको थियो ।

परियोजनाका निमित्त प्रमुख चन्द्रमोहन सिंह द्वारा हस्ताक्षरित सूचनामा तोकिएको समयभित्र अतिक्रमण हटाइएन भने निर्माण गरिएका संरचना र लगाइएका बालीनाली हटाइने तथा त्यसबाट हुने क्षतिको जिम्मेवार सम्बन्धित व्यक्ति स्वयं हुने उल्लेख गरिएको छ ।

सूचना सार्वजनिक भएसँगै फतुवा विजयपुरका भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासिन्दा पुनः आन्दोलित बनेका छन् । स्थानीय स्तरमा यो विषय फेरि राजनीतिक मुद्दाका रूपमा चर्किन थालेको छ ।

यस अघी उक्त जग्गा अतिक्रमण मुक्त गराउन परियोजनाले पटक पटक प्रयास गरेको थियो। स्थानीयका अनुसार सो समय उक्त जग्गालाई राजनीतिक मुद्धा बनाएर तत्कालीन नेतृत्वकर्ता नेताहरुले संरक्षण गर्दै आएको कारण परियोजनाको प्रयास असफल भएको थियो ।

# मधेशमा फेरि सुरु भयो सत्ताको खेल

ब्लग :



**श्यामसुन्दर शशि**

शिक्षा, स्वास्थ्य, रोजगारी, प्रति व्यक्ति आयलगायतका सकारात्मक सूचकांकमा पुछारमा रहेको मधेश प्रदेश राजनीतिम भने अब्बल मानिन्छ । सम्भवतःयही कारण हो, चालु आर्थिक वर्षमा विनियोजित बजेट खर्च गर्ने तथा लोककल्याणकारी बजेट निर्माण गर्ने महत्वपूर्ण समयमा मधेशमा सरकार परिवर्तनको हल्ला चलेको छ । लोकतान्त्रिक व्यवस्थामा नेता वा सत्ता परिवर्तन अनौठो होइन तर बजेट खर्च गर्ने वेला तथा नयाँ बजेट बनाउने समयमा राजनीतिकदलहरु सत्ताको खेलमा व्यस्त हुनु भनेको जनताको विकास निर्माणको सपनासंग खेलबाड गर्नु सरह हो ।

मधेश प्रदेशमा अचेल नेपाली कांग्रेसका कृष्णा यादव मुख्यमन्त्री छन् । एमालेवाहेकका प्रायः सम्पूर्ण दल सरकारमा सहभागी छन् । सहभागी दलहरुमध्ये जनमत पार्टीभित्रको विवादले यादव नेतृत्वको सरकारको जग नराम्ररी हल्लाएको छ । जनमतलाई दोश्रो फूटको कगारमा ल्याई पुऱ्याएको छ । जनमत पार्टीभित्रको अवस्था पार्टी अध्यक्ष डा. सि.के.राउतको यस अभिव्यक्तिबाट बुझ्न सकिन्छ । उनले आफ्नो फेसबुकवालमा हिन्दी गजलको मुखडा लेख्दै मनको पीडा पोख्नु भएको छ-

*‘नजाने क्या नशा है तेरी आँखो में,*
*भेजताहूँ जिसे डुबके खो जाता है ।*
*नजाने क्या कशिस है तेरी बाँहों में,*
*भेजताहूँ जिसे बेवफाहोके आता है ॥’*

यस अघि सतीशकुमार सिंहलाई मुख्यमन्त्री पदबाट राजीनामा दिन दिएको निर्देशन नमानेको तथा हाल अर्थमन्त्री महेशप्रसाद यादवलाई मन्त्री पदबाट राजीनामा दिन दिएको निर्देशन विपरीत उनी पदमै विराजमान रहेको दुःखनामा उनी यस गजलबाट व्यक्त गरेको प्रष्टै बुझ्न सकिन्छ ।

डा. राउतको यस गजलको चोटिलो जवाफ फर्काउनु भएका छन्- मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका प्राज्ञिक नेता जीतेन्द्र सोनल। उनले हिन्दी सन्त साहित्यका चर्चित कवि रहिमको पद लेखेर डा. राउतलाई आत्म समीक्षा गर्न सल्लाह दिएका छन् -

*‘जो रहीम उत्तम प्रकृति, का करि सकत कुसंग ।*
*चन्दन बीस व्यापत नही, लिपटे रहत भुजंग ॥’*

अर्थात् यदि रहिम (डा.राउत) स्वयं उत्तम पात्र छन भने नराम्रो व्यक्तिसंग दोस्ती गरे पनि उनी ठिक रहनु पर्ने हो । कारण चन्दनको रुखमा सर्पहरु टाँसी रहन्छन र पनि चन्दनको वासना कायमै रहन्छ ।चन्दनमा विषको प्रभाव पर्दैन ।

दुई नेताबीचको फेसबुके नोक झोकले मधेशको राजनीति पुनः तरंगित हुनलागेको संकेत दिन्छ । हो पनि, जनमत पार्टीका मधेश प्रदेश सभामा हाल विद्यमान रहेका १२ मध्ये ९ प्रदेश सांसदले कृष्ण प्रसाद यादव नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने लिखित पत्र प्रदेश प्रमुखलाई बुझाई सकेका छन् तर जनमत पार्टीबाटै अर्थमन्त्री बनेका महेश प्रसाद यादवसहितका दुई मन्त्री राजीनामा दिन तयार छैनन् । अर्कोतर्फ पार्टी अध्यक्ष डा.राउतले अर्थमन्त्री महेश प्रसाद यादवलाई संसदीय दलको नेताबाट हटाइ पार्टीका केन्द्रीय महासचिवसमेत रहेका चन्दनकुमार सिंहलाई दलका नेता चयन गरेका छन् । सत्ता साझेदार दलहरुमध्ये कुनै दलले समर्थन फिर्ता लिएको अवस्थामा मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनु पर्ने संवैधानिक व्यवस्था छ । भन्नुको तात्पर्य चालु आर्थिक वर्षको विनियोजित बजेट खर्च गर्ने तथा आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने वेला मधेश प्रदेशमा सत्ताको हानथाप चलि रहने छ । मुख्यमन्त्री कृष्णा यादव नेतृत्वको सरकारमाथि जनहितमा काम नगरेको, उपभोक्ता समितिहरुको चिठी वितरणमा अनिमितता गरेको ठहर गरी जनता समाजवादी पार्टी, नेपालले दुई साता अघिनै सरकारलाई दिएको समर्थन फिर्ता लिने अनौपचारिक निर्णय गरिसकेको श्रोतको दाबी छ । सरकारका काम काजबाट नेकपा पनि सन्तुष्ट छैनन् तर वर्तमान परिस्थितिमाथि पार्टीहरु सरकार ढाल्ने वा नयाँ सरकार बनाउनेतिर केन्द्रित देखिदैनन् ।




यदि सत्ता परिवर्तनबाट कुनै दललाई लाभ हुन्छ भने त्यो हो- नेकपा एमाले । नेपाली कांग्रेस र नेकपा एमाले नयाँ सरकार बनाउने पर्याप्त आधार छन् । मधेशवाहेकका अन्य ६ प्रदेशमा अझै पनि कांग्रेस र एमालेकै सरकार छ । मधेशका १०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार बनाउन ५४ सिट चाहिन्छ । प्रदेश सभामा हाल नेकपा एमालेको २४ र नेपाली कांग्रेसको २२ सांसद छन् । दुबै जोड्दा ४६ पुग्छ । बांकीका ८ सांसद जनमत (१२ मा २ घटेपछि १० वा नेपाल कप्युनिष्ट पार्टी (माओवादी केन्द्र) का ७ र एकिकृतका ७ गरी १४ बाट पूरा गर्न सकिन्छ ।

अर्को वर्ष प्रदेशको निर्वाचन हुने पक्का हो । आगामी निर्वाचनमा भाग लिन राजनीतिक दलहरुले आफ्नो रिपोर्ट कार्ड मतदाता समक्ष देखाउँनै पर्ने हुन्छ । यसै पनि ६० प्रतिशतको हाराहारीमा बजेट खर्च गर्दै आएको मधेश सरकार यस वर्ष विनियोजित बजेट खर्च गर्न सकेन वा लोककल्याणकारी बजेट बनाउँन सकेन भने सत्ताको खेलमा रमाएका राजनीतिकहरुलाई मतदाताले के जवाफ दिने हो ? समयले नै बताउँने छ ।

# सुकुम्बासीहरुद्वारा विरोध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । सार्वजनकि जग्गा खाली गर्न भनिएको सूचनाविरुद्ध बालेन सरकारको विरोधमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिकामा सुकुम्बासीहरुले विरोध प्रदर्शन गरेका छन् ।



नगरपालिकाको महेन्द्रनगरमा सुकुम्बासीहरुले वैकल्पिक व्यवस्था नगरी उठिबास गर्न लागेको भन्दै सडक अवरुद्ध गरेका छन् । प्रदर्शनकारीहरुले शुक्रवार बिहान ७ बजेदेखि ८ बजेसम्म महेन्द्रनगर पुलमा टायर बालेर सरकारविरुद्ध उग्रनाराबाजी गरेका छन् ।

क्षिरेश्वरनाथ नगरपालिकाले ७ दिनभित्र गत सोमवार सार्वजनिक जग्गा खाली गर्न भनी खाली नगरेको अवस्थामा प्रहरी लगाएर खाली गराउने चेतावनीसहितको सूचना निकालेपछि उनीहरू आन्दोलनमा उत्रेका हुन् ।

नगरपालिकाले नेपाल सरकार गृह मन्त्रालयको २०८३ वैशाख १६ गतेको पत्रअनुसार नगरपालिका क्षेत्रभित्र वडा नं १ देखि १० सम्म रहेका अतिक्रमित, अव्यवस्थित तथा जोखिमयुक्त सरकारी र सार्वजनिक जग्गामा निर्माण गरिएका घरटहरा तथा अन्य संरचना सात दिनभित्र खाली गर्न भनी सूचना सार्वजनिक गरेको थियो ।

प्रदर्शनको कारण सडक अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुख राजाराम यादवले जानकारी दिएका छन् । प्रदर्शनकारी सुकुम्बासीहरुले यो सांकेतिक रुपमा प्रदर्शन गरिएको आफ्नो माग पूरा नभएसम्म आन्दोलन जारी रहने प्रदर्शनकारी सुकुम्बासीको भनाइ छ ।

यस जनकपुरधाम वडा नम्बर २३ का सुकुम्बासीहरुले विरोध प्रदर्शन गरेका थिए । उनीहरुले पनि वैकल्पिक व्यवस्थ नगरेसम्म जग्गा खाली गर्दनौ भनी आान्दोलन गरेका थिए ।

# ठक्करबाट महिलाको मृत्यु




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर-ढल्केवर जनकपुर खडक खण्ड अन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका-४, सपही बजारमा स्कारपियो गाडीको ठक्करबाट एक स्कूटी चालक महिलाको मृत्यु भएको छ ।

शुक्रबार दिउंसो ढल्केबरबाट जनकपुरतर्फ आइरहेको बा.प्र. ०१-०३१ च. ९०६३ नम्बरको स्कर्पियोले परीक्षणकालमा रहेको विद्युतीय स्कुटीलाई ठक्कर दिँदा स्थानीय स्कूटी चालक महिला ३० वर्षीया महिला पुनम साहको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर गम्भीर घाइते भएकी साहलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएकोमा चिकित्सले मृत घोषणा गरेको जिल्ल प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता गणेशबहादुर बलमे जानकारी दिएका छन् । पोस्टमार्टमका लागि मृतकको शव सोही अस्पतालमा राखिएको उनल जनाएको छ ।

उनका अनुसार स्कारपियोका चालक विराटनगर महानगरपालिका-७, का ५२ वर्षिय नरेश राठीलाई नियन्त्रणमा लिएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# कवाडी करको नाममा अवैध असुली

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा कवाडी करको नाममा जारी अवैध असुली अझै रोकिएको छैन । स्थानीय प्रहरी र प्रशासनलाई चुनौती दिँदै महानगरपालिकासँगको सम्झौताविपरीत ठेक्का लिएको पक्षले राजमार्गका विभिन्न स्थानमा सवारी साधनबाट मनपरी रकम उठाइरहेको गुनासो बढ्दै गएको छ ।

जगरनाथपुर चोक, रामगढवा, परवानीपुरलगायत क्षेत्रमा भारतीय नम्बर प्लेटका मालवाहक सवारीसाधनबाट प्रतिगाडी ४ सयदेखि ७ सय रुपैयाँसम्म असुली भइरहेको आरोप छ । चालकहरूका अनुसार कतिपय अवस्थामा रसिद नदिई रकम लिने, रसिदभन्दा बढी रकम उठाउने तथा रकम नदिँदा दुर्व्यवहार र कुटपिटसमेत हुने गरेको छ ।

वीरगञ्ज महानगरपालिका राजश्व शाखा प्रमुख मनोज कर्णले सम्झौता अनुसार पुरानो फलाम, प्लास्टिक, कागज, टायर-ट्युब जस्ता कबाडी सामग्रीमा मात्र कर उठाउनुपर्ने व्यवस्था भए पनि त्यसको उल्लंघन भइरहेको स्वीकार गरेका छन् । उनले लिखित उजुरी आएपछि ठेकदारलाई सचेत गराइएको भए पनि अटेर गरेकाले अब प्रहरीले कारबाही गर्नुपर्ने बताएका छन् ।

स्थानीयहरूले जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्सा लाई पटक-पटक जानकारी गराउँदा पनि ठोस कारबाही नभएको गुनासो गरेका छन् । स्थानीय प्रहरीकै मिलेमतोमा यस्तो गतिविधि भइरहेको आरोप लगाउँदै आएका छन् ।



चालु आर्थिक वर्षका लागि वीरगञ्ज महानगरपालिकाले जडीबुटी, कबाडी तथा जीवजन्तु कर संकलनको ठेक्का करिब ५ करोड ४ लाख रुपैयाँमा स्वीकृत गरेको छ । तर दररेट अनुसार सूचना बोर्डसमेत नदेखिएको र नियमविपरीत असुली जारी रहेकाले प्रशासनको भूमिकामाथि प्रश्न समेत उठेको छ ।

**लागुऔषध**

**नशा होइन समाधान**
**यसले खोस्छ सबै**
**इज्जत–सम्मान**
**परिवार अनि भविष्य सम्झेर**
**लागुऔषधलाई**
**“हुदैन” भान ।**

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

# आज न्यायिक महोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरले न्यायिक महोत्सव आयोजन गर्ने भएको छ ।

कानुन दिवसको अवसरमा शनिबार आयोजन गर्न लागेको महोत्सवमा विभिन्न विषमया अन्तरक्रिया र स्टलहरूको प्रदर्शन गरिने भएको छ ।

अदालतका कामु न्यायधीश टेकनारायण कुँवरका अनुसार महोत्सवमा शनिबार बिहान ७ बजे जनकपुरधाममा प्रभातफेरि गर्ने र त्यसपछि बिहान ९ बजेदेखि जनकपुरधामको निधि भवनमा औपचारिक कार्यक्रम हुने छ । दिउँसो १ बजेदेखि अन्तरक्रिया राखिएको छ ।

महोत्सवमा विशेष आकर्षण सर्वसाधारण र विद्यार्थीहरूले न्यायाधीशहरूसँग प्रत्यक्ष भेटघाट र संवाद गर्न पाउने छन् ।




कानुनका विद्यार्थीहरूलाई न्यायाधीशहरूले व्यवहारिक ज्ञान र अनुभव प्रदान गर्ने, कानुन व्यवसायी र अदालतको समन्वय र सुधारका विषयमा छलफल, पालिकाका न्यायिक समितिहरू र अदालतबीचको कार्यगत सम्बन्ध बारे अन्तरक्रिया गरिने कामु न्यायाधीश कुँवरले बताए ।

यस अवसरमा विभिन्न कानुन क्याम्पसको शैक्षिक स्टल, विभिन्न सरकारी कार्यालयहरूको सेवा र जानकाकरीमूलक स्टल, कानुनी पुस्तक र न्यायिक प्रक्रियाबारे जानकारी दिने प्रदर्शनीहरू राखिने उच्च अदालतले जनाएको छ ।

यसैबीच, उच्च अदालत जनकपुरले चालु आर्थिक वर्षको २४ वैशाखसम्मको मुद्दा फछ्र्योटसम्बन्धी तथ्यांक पनि सार्वजनिक गरेको छ । अदालतका अनुसार कुल ५ हजार ६ सय ५१ मुद्दामध्ये ३ हजार १ सय १५ मुद्दा फछ्र्योट भइसकेका छन् । यो कुल लगतको ५५.१२ प्रतिशत हो । अदालतमा जिम्मेवारी सरी आएका २ हजार २ सय ६७ मुद्दा र नयाँ दर्ता भएका ३ हजार ३ सय ८४ मुद्दा गरी कुल ५ हजार ६ सय ५१ मुद्दा लगत कायम भएको थियो । तीमध्ये जिम्मेवारी सरी आएका १ हजार ७ सय २४ तथा नयाँ दर्तामध्ये १ हजार ३ सय ९१ मुद्दा फछ्र्योट गरिएको अदालतले जनाएको छ ।

हाल अदालतमा २ हजार ५ सय ३६ मुद्दा बाँकी रहेका छन् । बाँकी मुद्दामध्ये १ वर्षदेखि १८ महिनाभित्रका ३ सय ७४, १८ महिनादेखि २ वर्षभित्रका ७० तथा २ वर्ष नाघेका ४ वटा मुद्दा रहेका छन् ।

त्यस्तै, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दा संख्या १ सय २४ रहेको अदालतको तथ्यांकमा उल्लेख छ । चालु आर्थिक वर्षमा ४ हजार ५ सय ४६ मुद्दा फछ्र्योट गर्ने लक्ष्य निर्धारण गरेकोमा वैशाख २४ गतेसम्म ३ हजार १ सय १५ मुद्दा फछ्र्योट भइसकेको अदालतले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८